महालेखापरीक्षकको
वार्षिक लेखापरीक्षण प्रतिवेदन
२०७७
रोङ्ग गाउँपालीका , इलाम

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या :२०७६/७७
च.नं. ४०२

मितिः २०७७/३/२०

श्री अध्यक्षज्यु,
रोङ्ग गाउँपालीका गाउँकार्यपालिकाको कार्यालय,
इलाम ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. १ र २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६।७७
च.नं. ४०२
श्री अध्यक्षज्यू,
रोङ्ग गाउंपालीका,
इलाम ।

मिति: २०७७।३।२०

विषय: लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले रोङ्ग गाउंपालीकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. रोङ्ग गाउंपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.४ करोड ४१ लाख २८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.११ लाख १३ हजार, नियमित गर्नुपर्ने रु.२ करोड १५ लाख ९४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २ करोड ७ लाख ९० हजार र पेश्की रु.६ लाख ३० हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।१०।२० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २२ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउंपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउंपालिका व्यवस्थापनमा रहेको छ । गाउंकार्यपालिका, गाउंपालीका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत गाउंपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(विन्दु बिष्ट)
नायब महालेखापरीक्षक

रोङ्ग गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय, इलाम

लेखापरीक्षण प्रतिवेदन २०७५।७६

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्ने तथा स्थानीय स्तरमा सेवा प्रदान गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने बिकास तथा सेवा सम्बन्धी कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्ने, ध्येयले स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु गाउँपालीकाको मुल लक्ष्य हो । यो गाउँपालिका अन्तर्गत ६ वडा, गाउँ सभा सदस्य ३३ जना, १९२.१ व.की.मी. क्षेत्रफल, २१९७८ जनसंख्या र १ नम्वर प्रदेशमा अवस्थित छ ।

स्थानीय सञ्चितकोष: आर्थिक वर्ष २०७५।७६ स्थानीय सञ्चितकोष प्राप्ती भुक्तानी हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ:

गाउंपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेन (**म.ले.प.फा.नं.२७२**) उपलब्ध गराउन माग गरिएकोमा सो विवरण प्राप्त हुन सकेन । सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एव विस्तृत विवरण नखुलाइ पेश हुन आएको गाउंपालिकाको यस बर्षको आय व्यय निम्नानुसार रहेको छ ।

आ.ब. २०७५।७६ को एकिकृत आर्थिक विवरण

सि न	आय				व्यय		
	शीर्षक		वास्तविक आय		शीर्षक		खर्च
१	गत वर्षको जिम्मेवारी		**३८,९७३,५१५.३६**	१	**चालु**		२१०१७६४३३.४१
	सचितकोष वैक मौज्दात	१९,४३९,७६९.९२			वितिय समानिकरण अनुदान	९९२४६४१.००	
	चालु खर्च खाता वैक मौज्दात	३८१९१७३.४			शशर्त अनुदान	१०९०२२७५७.४४	
	पुजिगत खर्च खाता वैक मौज्दात	१५३३३०४१.२२			गरिबसग वि पी कार्यक्रम	३९४०००.००	
	धरौटी वैक मौज्दात	१७४३१			स्थानीय शासन तथा सा वि कार्यक्रम	४५७५०.००	
	कर्मचारी कल्याण कोष	७२१२५			सामाजिक सुरक्षा कार्यक्रम	५४३५८८००.००	
	वडा न १ ५ ६	९०००			राजश्व वाडफाड सघिय सरकार	२१९१९६६९.९७	
	नगद मौज्दात	२८२९७४.८२			राजश्व वाडफाड प्रदेश सरकार	१२५७०७२.००	
२	राजश्व (आन्तरिक आय)		**५५७८९३२४.५२**		आन्तरिक राजश्व	११६०९२०५.००	
	आन्तरकि राजश्व	८१२१९६२.६८			प्रदेश समानिकरण अनुदान	७८५२०४.००	
	राजश्व वाडफाड	४७६६७३६१.८४			प्रधानमन्त्री रोजगार कार्यक्रम	८५९३३४.००	
	अन्य आय			२.	**पूंजीगत**		११०८३०९७९.१९
३	वितिय हस्तान्तरण		**२९६६८५७३८.**		वितिय समानिकरण अनुदान	३७९८३६०६.५५	
	१३३११ समानिकरण अनुदान	७६५०००००.			जि.स.स अनुदान	४०००००.००	
	१३३१२ शसर्त अनुदान	११६१८५०००.			झोलुङ्गे पुल क्षेत्रगत विकास कार्यक्रम	२२०००००.००	
	१३३१३ विषेश अनुदान	१८०२९०००.			स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	५८४३३५०.००	
	१३३१४ समपुरक अनुदान	१४२६९०००.			महानन्द सापकोटा स्मृति प्रतिष्ठान	१९४००००.००	
	गरिबसग वि पी कार्यक्रम	३९४०००.			सघिय समपुरक अनुदान	५८०३३१५.४०	
	सामाजिक सुरक्षा कार्यक्रम	५६९७००००.			संघिय विशेष अनुदान	१२८४२६१३.००	
	स्थानीय शासन तथा सा.व कार्यक्रम	७७०००.			संघिय ससर्त अनुदान	१३६५०२२.००	
	जि स स अनुदान	२०१६६७५.			संघिय राजश्व वाडँफाड	१४५६५५०३.००	
	झोलुङ्गे पुल क्षेत्रगत विकास कार्यक्रम	२२०००००.			प्रदेश ससर्त अनुदान	१३४००९७९.३४	
	स्थानीय पूर्वाधार विकास साझेदारी का.	५९७००००.			प्रदेश राजश्व वाडँफाड	९७०००.००	
	महानन्द सापकोटा स्मृति प्रतिष्ठान	२००००००.			प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम	६१०५१८०.००	
	प्रधानमन्त्री रोजगार कार्यक्रम	१२०२०००.			आन्तरिक राजश्व	७११२६४९.९०	
	पर्यटन वोर्ड	७०००००.			पर्यटन वोर्ड	६७९०००.००	
	सडक वोर्ड नेपाल	१७३०६३.			सडक वोर्ड नेपाल	१६७८१०.००	
४	प्रदेश सरकार		**२३०५१०००.**		प्रदेश समानिकरण अनुदान	३२४९५०.००	
	१३३११ समानिकरण अनुदान	३३१४०००.					
	१३३१२ शसर्त अनुदान	१३५०००००.		३.	**धरौटी फिर्ता**	१२२५४३१.००	१२२५४३१.००
	१३३१५ अन्य अनुदान	६२३७०००.		४.	**गत आ व को निकासा फिर्ता**	२८११५७४.००	२८११५७४.००
५	**धरौटी प्राप्त**	३२६८२४६.३६	**३२६८२४६.३६**	५.	**करुणा फाउन्डेसनको निकासा फिर्ता**	१४५३३५.२	१४५३३५.२

६	कर्मचारी कल्याण कोष आम्दानी	६०००००.	**६०००००.**	६.	**गत आ व को चेक साटिएको**	४८३३६१७	४८३३६१७
७	**गत आ व को सा सु फिर्ता जम्मा**	१३९२८००.	**१३९२८००.**	७.	**मौज्दात**		
८	चेक साट्न वाकी	१३४३६.	**१३४३६.**		क) नगद मौज्दात	४७८६७६.००	४७८६७६.
					५ न वडासचिव श्री डाकवहादुर घतानी	३३५०५६.००	
					कमल वहादुर पुलामी	१४३६२०.००	
					ख)बैक मौज्दात		८६५३०६४३.०८
					१ शसर्त अनुदान	५७९७२२०.५६	
					२.वितिय समानिकरण अनुदान	२८५९१७५२.४५	
					३.सघिय समपुरक अनुदान	८४६५६८४.६०	
					४. सघिय विशेष अनुदान	५१८६३८७.००	
					३. सामाजिक सुरक्षा कार्यक्रम	२६११२००.००	
					६.स्थानीय शासन तथा सा.व कार्यक्रम	३१२५०.००	
					७.जि स स अनुदान	१६१६६७५.००	
					९.स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	१२६६५०.००	
					१०.महानन्द सापकोटा स्मृति प्रतिष्ठान	६००००.००	
					११.प्रधानमन्त्री रोजगार कार्यक्रम	३४२६६६.००	
					१२.पर्यटन वोर्ड	२१०००.००	
					१३.सडक वोर्ड नेपाल	५२५३.००	
					आन्तरिक आय	२१४१२१००.९४	
					राजश्व वाडँफाड	९८२८११६.८७	
					प्रदेश ससर्त	९९०२०.६६	
					प्रदेश समानिकरण अनुदान	२२०३८४६.००	
					प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम	१३१८२०.००	
					धरौटी खाता	२०६०२४६.३६	२०६०२४६.३६
					कर्मचारी कल्याण कोष	६७२१२५	६७२१२५
					वडा न १ ५६	९०००.००	९०००
			४१९,७७४,०६०.२४				**४१९७७४०६०.२४**

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
१	**स्थानीय संञ्चित कोष :** स्थानीय तहमा प्राप्त हुने सम्पूर्ण रकम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ अनुसारको कोषमा सञ्चित गर्नुपर्ने र कोषमा जम्मा भएको रकम खर्च गर्ने सम्वन्धी व्यवस्था स्थानीय कानुन बमोजिम हुने व्यवस्था छ। साथै दफा ७१ बमोजिम आ.ब २०७५।७६ को लागि सभामा पेस राजस्व र व्ययको अनुमानमा विगत वर्षको वाँकि बजेट समावेश गर्नु पर्ने उल्लेख छ। पारित बजेटमा गाउँपालिकाले यस वर्ष रु.३८९७३५१५.३६ को विगतको वाँकी भनि देखाएको रकम कुन किसिमको वाँकी हो, सो बाट हुने खर्च चालु वा पूँजिगत नखुलाई बजेट पारित गरेको देखिन्छ। कार्यालयलाई प्राप्त हुने सम्पूर्ण रकम स्थानिय सञ्चित कोषमा दाखिला गरी सोही आधारमा आय र व्यय विवरण पेश गर्नुपर्नेमा सो गरेको पाइएन।	
२.	**खाता बन्द:** वडा नं.१, ५ र ६ को नाममा रहेको चल्ती खाताको मौज्दात खाता बन्द गरी सञ्चित कोष दाखिला हुनुपर्ने रु.	९०००
३.	**बजेट पारीत:** गाउँपालकाले आ.व.२०७५।७६ को लागी आम्दानीतर्फ आन्तरिक रु.१ करोड राजस्व वाँडफाँडतर्फ रु.६ करोड १० लाख अन्तर सरकारी वित्तिय हस्तान्तरण कार्यक्रममा रु.१९ करोड १६ लाख १४ हजार सामाजिक सुरक्षा कार्यक्रमतर्फ रु.५ करोड ९९ लाख समेत रु.३२ करोड ७ लाख २३ हजार भै चालु खचतर्फ रु.४ करोड ५ लाख, सशर्त अनुदानतर्फ रु.१० करोड १८ लाख, पुँजिगत खर्चतर्फ रु.११ करोड ९३ लाख २४ हजार र सामाजकि सुरक्षा कार्यक्रममा रु.५ करोड ९९ लाख खर्च गर्ने गरी बजेट पारीत गरेको छ। उपर्युक्त बजेटबाट आर्थिक क्षेत्रमा रु.२ करोड २ लाख २ हजार, सामाजिक क्षेत्रमा रु.१ करोड ७१ लाख १४ हजार, पुर्वाधार विकासमा रु.५ करोड २० लाख ५२	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	हजार, वातावरण तथा विपद् व्यवस्थापनमा रु.२२ लाख ४८ हजार, संस्थागत विकासमा रु.२५ लाख ५ हजार समेत जम्मा रु.९ करोड ४१ लाख २४ हजारको मात्र क्षेत्रगत बजेट बाँडफाँड उल्लेख गरेको देखिन्छ । बाँकी बजेट रु.२२ करोड ६५ लाख ९९ हजार के कुन क्षेत्रमा खर्च गरिने हो उल्लेख गरेका देखिदैँन ।	
३.१.	स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार बजेट निर्माण गर्दा चालु आ.व.को अनुमानित राजस्व र व्ययको अनुमान वजेट घाटा भए त्यसको अवस्था र घाटा पुर्ति गर्ने विधि, गत वर्षको मौज्दात समेत समावेश विनियोजन ऐनमा गरीनु पर्नेमा गाउँपालिकाकाको गत वर्षको मौज्दात रु.३ करोड ८९ लाख ७४ हजार रहेकोमाा सो समावेश नगरी बजेत पास गरेका अवस्था देखियो ।	
४.	**लेखा ढाँचाको प्रयोग नभएको** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागू गर्न महालेखापरीक्षकबाट स्वीकृत भएको छ । उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचितकोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष गांउपालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ ।	
५.	**खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले वडाहरुलाई वजेट खर्च गर्ने अख्तियारी दिएको छैन तर आफ्नो वडाको काम गर्न सम्बन्धित वडालाई पेश्की दिएको छ ।	
६.	**चालुतर्फ अत्यधिक खर्च :** स्थानीय तहले योजना बनाउँदा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) अनुसारको विषयलाई प्राथमिकता दिनुपर्ने तथा सार्वजनिक कोषको रकम खर्च गर्दा सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्वन्धि निर्देशिका,२०७५ अनुसार गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकालाई प्राप्त समानिकरण निशर्त अनुदान तथा आन्तरिक बजेटबाट प्रशासनिक खर्च तथा विकास निर्माण तथा विभिन्न कार्यक्रममा खर्च गरेको छ । यस वर्ष कुल बजेट रु.४१ करोड ९७ लाख ७४ हजार मध्ये चालु तर्फ रु.२१ करोड १ लाख ७७ हजार खर्च गरेको छ । जुन कुल खर्च को ५०.०७ प्रतिशत रहेको छ । चालु तर्फको प्रशासनिक खर्च अन्तर्गत कार्यालय सञ्चालनमा , सवारी साधन र मेशिनरी औजार मर्मतमा , सञ्चारमा , अनुगमन मुल्यांकन र भ्रमण खर्चमा , भैपरी आउने चालु खर्च गरेको छ । प्रशासनिक खर्चको लागि विनियोजन गर्दा कार्यालयमा हुने काम र सोको आधारमा खरिद गर्नुपर्ने सामाग्रीको सम्वन्धमा कुनै आधार लिएको देखिदैन । विनियोजित बजेटको खर्च शिर्षक अनुसार बजेट विनियोजन गरेको भएपनि पूँजिगत शिर्षकको खर्च समेत चालुबाट गरेकोले खर्चको व्यवस्थित अभिलेखांकन नभएको तथा प्रशासनिक खर्चमा विनियोजित बजेट उत्पादनमुखी रहेको र मितव्ययी तबरले खर्च भएको एकिन गर्न सकिएन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुसार पूँजी निर्माण हुने, उत्पादनमुखी र रोजगार मुलक खर्च शिर्षकहरुमा रकम विनीयोजन गर्ने र मितिव्ययी तरीकाले खर्च गर्नुपर्दछ	
७.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबारको लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले Sub National Treasury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राखेको छ । वित्तिय लेखामा अभिलेख भएको २०७६ आषाढ मसान्त सम्मको चालुमा रु.२१०१७६४३३.४० र पूँजीगत रु.११०८३०९७९.१९ समेत कूल जम्मा खर्च रु.३२१००७४१२.६० भएको देखिन्छ । श्रोत समावेश भएको आर्थिक विवरण म.ल.प.फा.नं.२०८ अनुसार गाउँपालिका चालु र पुँजिगत तर्फको सम्पुर्ण कारोबारको एउटै बैंक नगदि किताब तयार हुने गरी सिलसिलेबार गोश्वारा भौचर खडा गरी अभिलेख हुनु पर्नेमा शिक्षा, स्वास्थ्य, कृषि र सामाजिक कार्यक्रमको अलग-अलग श्रेस्ता खडा गरी सुत्रमा अभिलेख गरेको देखियो । यसरी अभिलेख भएका कारण वार्षिक आर्थिक विवरण(म.ले.प.फा.नं.१७), पेश्की बाँकीको विवरण(म.ले.प.फा.नं.१४) र बजेट खर्च(म.ले.प.फा.नं.८) एकमुष्ट तयार भएको छैन । जसले गर्दा सुत्रमा अभिलेख भएको आर्थिक कारोबारले वर्ष भरीको यथार्थ खर्च पुष्ट्याँई तथा विश्लेषण गर्न सकिएन ।	

<table>
<tr><th>दफा नं</th><th>भौचर, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>८.</td><td>कारोवारको लेखा: प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ दफा २३ (४) अनुसार राजश्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तिय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुने व्यवस्था छ । साथै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० अनुसार प्रत्येक कार्यालयले अर्थ मन्त्रालयबाट स्वीकृत राजश्व वर्गीकरणको व्याख्या अनुरुप लगती तथा हसवली राजश्व आम्दानी दाखिला गरी नियम ९ वमोजिम आम्दानी जनाउँदा दोहोरो स्रेस्ता प्रणाली अनुसार राजश्व स्रेस्ताको लागि महालेखा परीक्षकको कार्यालयबाट तोकिएको ढाँचामा लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाको वडा कार्यालयबाट प्राप्त हुने राजश्वको अभिलेख तोकिएको ढाँचामा नराखेको, प्राप्त राजश्व एकमुष्ठ जम्मा गर्ने गरको देखिन्छ । राजश्व समयमै बैंक दाखिला नगर्ने, तोकिएको ढाँचामा अभिलेख नराख्ने गर्दा राजश्वको हिनामिना हुनसक्ने भएकोले यसतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.</td><td>पेश्की कारोबार : गाउँपालिकाबाट प्राप्त पेश्की बाँकीको विवरण अनुसार गा.पा.चालुतर्फ रु.४३४७५ र गा.पा.पुँजिगततर्फ रु.५८७००० मात्र फछ्र्यौट हुन बाँकी पेश्की देखाएको छ । सुत्रमा अभिलेख भएको चालु खर्चतर्फ श्रोत खुलेको आर्थिक विवरण, खर्चको फाँटवारी तथा पेश्की बाँकीको विवरण समेतमा संघीय सरकार हस्तातरण कार्यक्रमतर्फ म्याद नाघेको रु.१२७५०० समेत रु.२२७५०० गा.पा.चालुतर्फ म्याद नाघेको रु.१४८९१२५ समेत रु.३०५१७२५ पेश्की बाँकी रहेको देखिन्छ । विद्युतीय लेखा (सुत्र) मा अभिलेख भएकोक कारोबारको आधारका नै वार्षिक प्रतिवेदन तयार हुने हुँदा वर्षान्तमा बाँकी रहेको पेश्की फरक देखिएकोले अभिलेख व्यवस्थापन भरपर्दो देखिदैंन । अत: चालुतर्फको फरक देखिएको सम्बन्धमा हिसाब एकिन गरी पेश हुनुपर्ने रु.</td><td>३२३५७५०</td></tr>
<tr><td>१०.</td><td>सुत्रमा अभिलेख भएको क्षेत्रगत बजेत तथा खर्च विवरण अनुसार गाउँपालिकाको वार्षिक जम्मा खर्च रु.३२१०१७४१२.६० भएको छ भने प्राप्त एकिकृत वार्षिक आर्थिक विवरण अनुसार रु.३२१००७४१२.६० मात्र खर्च उल्लेख भएबाट रु.१०००० फरक देखिन्छ । गाउँपालिकाले पारित गरेको बजेट क्षेत्रगत बजेट तथा खर्च विवरणमा निम्नानुसार फरक देखिएको छ । विवरण अनुसार वार्षिक बजेट अनुसार खर्च नभई घटी खर्च भएको र गा.पा.बाट पारित बजेटभन्दा अत्याधिक बढी खर्च भएको अवस्था देखिन्छ ।</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>सि.नं.</th><th>कार्यक्रम क्षेत्र</th><th>स्वीकृत बजेट</th><th>क्षेत्रगत बजेट विवरण</th><th>खर्च</th><th>क्षेत्रगत बजेट खर्चको प्रतिशत</th><th>पारित बजेटको तुलनामा खर्च प्रतिशत</th></tr>
<tr><td>१.</td><td>आथिक विकास</td><td>२०२०४०००</td><td>२४३३२१४५</td><td>१४८८५०४८</td><td>६१.१७</td><td>७३.६७</td></tr>
<tr><td>२.</td><td>सामाजिक क्षेत्र</td><td>१७११४०००</td><td>१३२९८३०९७</td><td>१२२६९१७२३.४४</td><td>९२.२६</td><td>७१६.९०</td></tr>
<tr><td>३.</td><td>पुर्वाधार विकास</td><td>५२०५२०००</td><td>१३९०७८०६०</td><td>९६२१९१२६.१९</td><td>६९.१८</td><td>१८४.८५</td></tr>
<tr><td>४.</td><td>वातावरण तथा विपद् व्यवस्थापन</td><td>२२४८०००</td><td>४६४४११८</td><td>१८३०२७५</td><td>३९.४९</td><td>८१.१४</td></tr>
<tr><td>५.</td><td>संस्थागत विकास तथा सेवा प्रवाह</td><td>२५०६०००</td><td>२८४४०००</td><td>१३०४१७७</td><td>४५.८६</td><td>५२.०४</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०.१.</td><td>सुत्रमा बजेट विनियोजन गर्दा घटी गर्ने र पछि स्वीकृत कार्यक्रम अनुसारको कार्यक्रममा खर्च नगरी रकमान्तर तथा बजेट थप गरी अर्को क्षेत्रमा अधिक खर्च गर्ने परम्परा ठीक माथी सुरुमा गाउँसभाले बजेट पारीत गर्दा सामाजिक क्षेत्रमा खर्चम गर्ने भनेकोभन्दा ७१६.९ प्रतिशत बढी बजेट खर्च गरेको छ भने संस्थागत विकास तथा सोव प्रवाहमा खर्च गर्ने भनेको भन्दा ४७.९६ प्रतिशत घटी खर्च गरेको देखिन्छ । बजेट र खर्च बिच सन्तुलन गरी चौमासिक लक्ष्य अनुसार खर्च हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.२.</td><td>सुत्रमा अभिलेख भएको श्रोत समावेश भएको अर्थिक विवरण (म.ले.प.फा.नं.२०८) अनुसार वन तथा वातावरण संरक्षण कार्यक्रम सञ्चानलन गर्न समानीकरण अनुदानतर्फ रु.३९३००० बजेट व्यवस्था भएकोमा सो कार्यक्रममा कुनै पनि खर्च भएको देखिएन । त्यसै गरी सुरु कार्यक्रममा बजेट व्यवस्था नभएकोमा सवारी साधानमा रु.९७०००० नेपाल सरकार अन्य अनुदान अन्तर्गत अन्य सार्वजनिक निर्माणमा रु.४९००००० मात्र बजेट व्यवस्था भएकोमा रु.५१४३९५० खर्च गरेको छ भने प्रदेश सरकार राजस्व बाँडफाँड अन्तर्गत अन्य सार्वजनिक निर्माणमा रु.१९००००० बजेट भएकोमा कुनै पनि खर्च भएको देखिएन । संघिय सरकार राजस्व बाँडफाँड अन्तर्गत रु.१४५५००० बजेट व्यवस्था गरेकोमा रु.५०००० अर्थात ३.४४ प्रतिशत बजेट मात्र खर्च गरेको देखिन्छ । स्वीकृत बजेट अनुसारको कार्यक्रममा कम तथा बढी खर्च भएको र कुनै कार्यक्रममा शुन्य बजेट खर्च भएको देखिएबाट बजेट र खर्च बिच सन्तुलन देखिदैंन ।</td><td></td></tr>
<tr><td>११.</td><td>लक्ष्य/प्रगति स्थिति – आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार कार्यालयले वार्षिक प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउनु पर्ने र नियम २६ अनुसार तालुक कार्यालयले भौतिक एवं वित्तिय प्रगतिको समिक्षा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष नियमको उक्त व्यवस्था अनुसार सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति तयार गरेको छैन ।</td><td></td></tr>
<tr><td>१२.</td><td>वार्षिक खरिद योजना :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ उपनियम (१) वमोजिम सार्वजनिक निकायले वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा सोही नियमको उपनियम (२) मा उल्लेखित कुराहरु समावेश गरी वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । नियमाबलीको व्यवस्था अनुसार खरिद योजना बनाउने गरेको देखिएन । खरिद योजना</td><td></td></tr>
</table>

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	नहुँदा चौमासिक रुपमा गर्नुपर्ने निर्माण कार्य आर्थिक बर्षको अन्तमा बढि गर्ने गरेको देखियो । योजना बनाएर कार्यक्रम सन्चालन गर्नुपर्दछ ।	
१३.	**चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा ६ करोड १ लाख ५४ हजार(२१.८५ प्रतिशत), दोश्रो चौमासिकमा ५ करोड ४४ लाख ५८ हजार(१६.९६ प्रतिशत) र तेश्रो चौमासिकमा १९ करोड ६३ लाख ९६ हजार (६१.१९ प्रतिशत) र असारमा १० करोड ८ लाख ३६ हजार (३३.५९दप्रतिशत) खर्च गरेको देखिएको छ । आर्थिक वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राबिधिक कर्मचारीको अभावमा सुपरीवेक्षणमा चाप पर्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत असर पर्ने भएकोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सञ्चालन गरि खर्च गर्ने व्यवस्था अवलम्बन गर्नुपर्दछ ।	
१४.	**ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र को माध्यमबाट रु.४ करोड ४४ लाख ३० हजारका २९ वटा ठेक्का सम्झौता गरेकोमा दोश्रो चौमासिकमा ३ वटा र तेश्रो चौमासिकमा २६ वटा ठेक्का सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी दोश्रो र अन्तिम चौमासिकमा ठेक्का सम्झौता गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य प्रथम चौमासिकमा गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । यसरी खरिद नियमावलीले तोकेको चौमासीकमा ठेक्का व्यवस्था नगर्दा कामको अनुगमन र सुपरीवेक्षणमा कमी आइ गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुँदा ठेक्का व्यवस्थापनलाई प्रभावकारी वनाउन नियमको पालना गर्नुपर्ने देखिन्छ ।	
१५.	**वित्तीय जवाफदेहिता एवम उत्तरदायित्व र कानूनको पालना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । उक्त बिषयमा गाउँपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्नपर्ने देखिन्छ । यस वर्ष वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व र कानुनको पालनाको स्थिती मूल्याङ्कन गर्दा निम्नानुसार रहेको पाइयो : ● निजामती सेवा ऐन,२०४९को दफा ५(क) बमोजिम प्रत्येक निजामती पदको कार्यविवरण बनाई लागु नगरेको, ● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यलयले निरीक्षण नगरेको, ● राजश्वको लगत तयार नगरेको, ● वडामा उठ्ने राजश्वको लक्ष्य निर्धारण नगरेको, ● प्रतिस्पर्धात्मक खरिद अवलम्वन नगरेको, ● वितरणमूखी कार्यक्रमलाई वढवा दिएको, ● पूँजिगत खर्चमा प्राथमिकता नअपनाएको, ● स-साना योजनालाई प्राथमिकतामा राखेको, ● कोषहरुको कार्यविधि कानून नबनाएको, ● उपभोक्ताको योगदान न्यून रुपले जुटाएको, ● धरौटीको आयूगत वर्गीकरण नगरेको, ● कर तथा शुल्क निर्धारणको ठोस आधार निर्माण नगरेको, ● मर्मत कोषको कार्यविधि नबनाएको , ● संस्थागत क्षमता विकासमा न्यून प्रगति गरेको, ● प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन नगरी दोश्रो र तेश्रो चौमासिकमा ठेक्का व्यवस्थापन गरेको, ● ठेक्का अवधिमा कार्य सम्पन्न नगरी म्याद थप गरेको, ● उपभोक्ताको खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको, ● चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरेको, ● कार्यनीतिगत व्यवस्थामा अपेक्षित प्रगति लिन नसकेको, ● राजश्व प्राप्तीको दायरालाई प्राथमिकीकरण नगरेको, ● तलवी प्रतिवेदन पारीतमा पूर्णता कायम नगरेको,	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	• विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको मर्जरको कार्यक्रम अगाडि नवढाएको, • अवकास कोष सम्वन्धी कानूनी व्यवस्था पालना नगरेको, • आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका वनाई कार्यान्वयनमा नल्याएको, • लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको । • परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन, • निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन, • अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन, • योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण भएको छैन, • फोहोरमैलालाई स्रोतमा छुट्याई परिमाण कम गर्ने जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छैन, • अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन, • नियमको अनुसरण गरी कार्य नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्दछ ।	
१६.	**कानुन निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था भएकोमा जम्मा कानुन निर्माणको यथार्थ स्थिति उपलब्ध हुन सकेन ।	
१७.	**न्याय सम्पादन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ४९ (४) मा न्यायिक समितिले दफा ४७ को उप दफा (२) मा उल्लेखित विवादमा प्रतिवादी उपस्थिति भएको मितिले ३ महिना भित्र मेलमिलापको माध्यमबाट टुंगाउनु पर्नेछ । सो अवधि भित्र मेलमिलाप हुन नसकेमा सोही व्यहोरा उल्लेख गरी पक्षलाई अदालत जान सुनाई विवाद र सो सँग सम्बन्धित मिसिल कागज र प्रमाण समेत सम्बन्धित अदालतमा पठाइदिनुपर्ने छ भन्ने व्यवस्था छ । न्यायिक समितिमा गत वर्षको नभएको र यस वर्ष ६ वटा दर्ता भएकोमा ५ वटा फछ्र्यौट भई १ वटा मुद्दा फछ्र्यौट गर्न बाँकी रहेको देखिन्छ ।	
१८.	**सेवा प्रवाह** : गाउँपालिकाको कार्यालय गाउँवासीको लागि विभिन्न प्रकारका सेवाहरु प्रवाह गर्दै आएको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस बर्ष नागरिकता सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म मृत्यु दर्ता लगायत अन्य विभिन्न सेवा प्रवाह गरिरहेको छ । सेवा प्रवाहलाई समयानुकुल प्रभावकारी गराउदै लानु पर्दछ ।	

सेवा प्रवाहको विवरण	निवेदन प्राप्त संख्या	सिफारिस संख्या
नागरिकता सिफारिस	५३२	५३२
घरबाटो सिफारिस	१४९	१४९
नाता प्रमाणित	१७४	१७४
जन्म मृत्यु दर्ता	४८०	४८०
चारकिला सिफारिस	६६३	६६३
अन्य	११९८	११९८
जम्मा	**३१९६**	**३१९६**

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
१९.	**भवन नक्सा पास :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ वमोजिम गाउँपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । गाउँपालिकामा यस वर्ष घरको अस्थाई अनुमति दिएको विवरण गाउँपालिकाबाट पेश भएन । गाउँपालिकाले गाउँक्षेत्र भित्र रहेको घरहरुको नक्साङ्कन गर्ने, नयाँ निर्माणाधीन भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गर्न भवन निर्माण संहिता पालना गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ ।	
२०.	**स्रोत नक्सांकन :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :	
२०.१.	यस गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख अद्यावधिक गरेको देखिएन । अभिलेख अद्यावधिक गरिनु पर्दछ ।	
२०.२.	गाउँपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
२१.	**तलबी प्रतिवेदन पारीत नगरेको:** निजमती सेवा ऐन, २०४९ अनुसार तलब र ग्रेड भुक्तानी दिँदा पारीत ग्रेडलाई निजामती किताबखाना, कोष तथा लेखा नियन्त्रक कार्यालय वा आ.ले.प.शाखाबाट ग्रेड भिडान गरेर तलबी प्रतिवेदन पारीत गरी तलब भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस आ.व.मा सामानिकरण चालुतर्फबाट तलब भुक्तानी रु.२०५९५७१.८० खर्च भएकोमा तलबी प्रतिवेदन पारीत गरेको देखिएन ।	
२२.	**जनशक्ती व्यवस्थापन** : गाउँपालिकाको लागि नेपाल सरकारबाट विभिन्न पदका ३८ दरबन्दी स्वीकृत भएकोमा १६ पदपूर्ति भई विभिन्न पदका २२ दरबन्दी रिक्त रहेको देखियो । कार्यालयमा कायम दरबन्दी रिक्त रहेकोले कार्यचाप बढ्ने, काममा ढिलासुस्ति तथा गुणस्तरियता हुन नसक्ने हुनाले र लक्ष्य अनुरुप प्रगति हासिल गर्न कठिन हुने भएकोले दरबन्दी अनुरुप पदपुर्ति गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।	
२३.	**भ्रमण अभिलेख तथा प्रतिबेदन:** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्नेमा विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिबेदन बेगर खर्च लेखेको छ । यसबाट अनुगमन तथा मुल्याँकन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । तसर्थ नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।	
२४.	**जिन्सी लगत र संरक्षण:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६(२) मा उपनियम १ वमोजिम जिम्मामा रहेका सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६, ४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । गाउपालिकाले विगत वर्ष देखिको जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी लिएको देखिएन । जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी जिन्सीको अद्यावधिक विवरण तयार गरि गर्नुपर्दछ ।	
२४.१.	**जिन्सीको व्यक्तिगत अभिलेख खाता :** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका,२०७५ को दफा १८ अनुसार सवारी साधन, मेशिनरी उपकरण, फर्निचर लगायत कार्यालयले उपलव्ध गराएको खर्च भएर नजाने जिन्सी सामाग्रीहरु प्रचलित जिन्सी खातामा अभिलेख राख्नुका साथै प्रत्येक निजामति कर्मचारी, पदाधिकारी र पदाधिकारीका निजी सचिवालयमा कार्यरत कर्मचारीहरुको व्यक्तिगत रुपमा अलग अलग खाता/पानामा समेत विवरण टिपोट गरी निकायका प्रमुखबाट प्रमाणित गराएर अनुसूची १ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्ने व्यवस्था छ । यस गाउपालिकाको जिन्सी खाताको अभिलेख परिक्षण गर्दा अनुसूची १ अनुसारको अभिलेख तयार पारी कार्यालय प्रमुखबाट प्रमाणित गराई राखेको पाइएन । निर्देशिका बमोजिमको अभिलेख तयार नभएकोले कार्यालयको खर्च भएर नजाने जिन्सी सामानको प्रयोग र अवस्था एकिन हुन सकेन । तोकिए वमोजिमको अभिलेख तयार गरी जिन्सी सामानको सदुपयोग गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	
२५.	**निर्माण कार्यसँग सम्वन्धित खाता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखापरीक्षको कार्यालयबाट स्वीकृत ढांचामा राख्नु पर्नेछ भन्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्यसंग सम्वन्धित कार्यको राख्नुपर्ने म.ले.प.फा.नं १६६ कार्य अभिलेख खाता १६७ आइटमवाइज खाता, म.ले.प.फा.नं १७२ नापी नियन्त्रण खाता, १९० ठेक्का सम्वन्धि अभिलेख लगायतका अभिलेखहरु राख्नुपर्नेमा सो राखेको पाइएन । अधिकांश योजनाहरु क्रमागत रुपमा संचालित हुने एवं वार्षिक विनियोजनको आधारमा खण्ड खण्ड गरी कार्यान्वयन गर्नुपर्ने अवस्था रहने भएकोले यस प्रकारका खाता अद्यावधिक गरी राख्नु पर्दछ । यस प्रकारका अभिलेखको अभावमा क्रमागत योजनाको कुल खर्च एवं योजना कार्यान्वयनको स्थिति यकिन गर्न नसकिने भएकोले कार्यालयले निर्माण कार्यसंग सम्वन्धित म.ले.प.फारामहरु अनिवार्य राख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।	
२६.	**कार्यक्रमगत खाता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (२)(३) मा बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी प्राप्त गरी बार्षिक कार्यक्रम सञ्चालन गर्ने रकम निकासा माग गरी खर्च गर्नुपर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रम अनुसार कार्यालयद्धारा सञ्चालन गरिने कार्यक्रमहरु सञ्चालनका लागि बजेट व्यवस्था भै चौमासिक रुपमा सञ्चालन हुने कार्यक्रमको बजेट, खर्च देखिने अभिलेख कार्यक्रमगत राखेको पाईएन । कार्यक्रमगत खाता राखेमा कार्यक्रमको बार्षिक बजेट, कार्यक्रममा खर्च र कार्यक्रम बजेटको अवधारणा अनुसार स्वीकृत बजेट भन्दा बढी खर्च नहुने र कार्यक्रमको प्रभावकारीता र उपलब्धीको मापन समेत यकीन गर्न सकिने हुँदा कार्यक्रमगत खाता	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	व्यवस्थितरुपमा राख्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ ।	
२७.	**एजविल्ट नक्सा पेश नभएको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन । सम्पन्न योजनामा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ ।	
२८.	**निमार्ण सामाग्रीको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को निमय ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ । उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्का द्धारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावि नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नहुनु र भएकोमा रकम न्यून भएको कारणले गुणस्तर परीक्षण नभएको देखिन्छ । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण भएको कार्यको गुणस्तर परीक्षण गरी निर्माण भएको कार्य गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ ।	
२९.	**नापी किताब** : निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । साथै यसरी तयार गरिएको नापी किताब म.ले.प.फा.नं १७२ मा उल्लेख गरि काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनी सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची ५ को बुंदा नं. ३ मा उल्लेख छ । कार्यालयले अधिकांश ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा तयार गर्ने गरेको पाईयो । नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज हुने हुँदा अभिलेख राखी स्वीकृत ढांचा बमोजिमको नापी किताव प्रयोगमा ल्याईनु पर्दछ ।	
३०.	**बिमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को ११२ अनुसार खरिद संझौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक २० लाख रुपिया भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार, लगायत कामदार तथा कर्मचारी समेतको वीमा गराउनु पर्ने व्यवस्था गरेको छ । गाउँपालिका कार्यालयले जतिसुकै मूल्य बराबरको ठेक्का पट्टा लगायतको निर्माण कार्य र तेश्रो पक्ष समेतको वीमा गराउने गरेको छैन । नियममा भएको व्यवस्था बमोजिम भविष्यमा आउन सक्ने संभावित जोखिमलाई न्यूनिकरण गर्न बीमा गराउने तर्फ कार्यालयले ध्यान दिएको देखिएन । तसर्थ निर्माण कार्यमा आईपर्ने सम्भावित जोखिमलाई न्यूनिकरण गरी समयमा कार्य सम्पन्न गर्नको लागि नियममा भएको व्यवस्था अनुसारको बीमा गराउने तर्फ ध्यान जान जरुरी देखिन्छ ।	
३१.	**कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढांचा अनुसूचि १ को व्यवस्था रहेको छ । उक्त अनुसूचिमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत खर्च गर्ने व्यवस्था रहेको छ । सो अनुरुप निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशत सम्म कन्टिन्जेन्सी खर्च गर्न सकिने मान्यता राखी यस वर्षमा कन्टिन्जेन्सी खर्च रु.९८७०९२ भएको देखिन्छ । कन्टिन्जेन्सी खर्च सम्बन्धित योजनामा मात्र खर्च नभै असम्बन्धित कार्यहरुमा समेत भएको देखिन्छ ।	
३२.	**परामर्श खर्च :-** सार्वजनीक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य जनशक्ती एवं अन्य जनशक्तीको पारीश्रमिक, भ्रमण खर्च, कार्यालय खर्च, अन्य खर्चहरु उल्लेख गरी परामर्श सेवाको लागत अनुमान अनुसुची १ (क) को ढाचामा तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाको गाउँ विकास आवद्यिक योजना र गुरु योजनाको एकीकृत भिलेज प्रोफाइल तयारी गर्नको लागि नियमावलीको नियम ७० वमोजिम खुल्लारुपमा सूचना प्रकाशन गरी छुट्टा छुट्टै प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव माग गरी घटीवाला परामर्शदातासंग सम्झौता गरी रु.४२९२७५० खर्च लेखेको छ ।	
३२.१.	यसरी परामर्शदाता नियुक्त गर्दा आन्तरिक जनशक्तिवाट कार्य सम्पादन हुन नसक्ने स्पष्ट आधार खुलाएको छैन । तालुक मन्त्रालयवाट नर्म्स स्वीकृत भएको पाइएन । परामर्शदाताबाट सम्पादन भएका कार्यहरु कार्यालयमै रहेको बिद्यमान जनशक्तिबाट सम्पादन हुन सक्ने अवस्था थियो थिएन एकिन गरिएको छैन । कार्यालयको जनशक्तिबाट	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यमात्र वाह्य परामर्शदाताबाट गराउनु पर्दछ । यसरी कार्यायलको बिद्यमान जनशक्तिबाट नगराइ परामर्शदाता नियुक्त गरी कार्य गराएबाट योजनाको लागतमा बृद्धि हुन जानुको साथै परामर्श खर्चको औचित्य पुष्टि हुने देखिदैन । स्पष्ट आधार र आवश्यकता बेगरको परामर्श खर्चले कार्यालय अन्तर्गत सञ्चालन हुने योजनाहरुको लागत बृद्धि हुने हुँदा कार्यालयले योजनाको लागत बृद्धि नियन्त्रण गर्न आवश्यक कारवाही गर्नु पर्दछ ।	
३३.	**उपभोक्ता समितिबाट कार्य** : अधिकांश ग्रामिणस्तरका वडा स्तरीय निर्माण कार्यहरु उपभोक्तासंग सम्झौता गरी १०-२० प्रतिशतसम्म श्रमदान र वांकी रकम कार्यसम्पन्नको आधारमा भुक्तानी दिने गरी उपभोक्तासंग सम्झौता गरी निर्माण कार्य हुने गरेको कारण दिगोपना आउने देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ ले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधिको व्यवस्था गरेको छ । नमुना छनौटको आधारमा पारीक्षण यस सम्वन्धी देखिएका केही व्यहोरा यस प्रकार छन् :	
३३.१.	उपभोक्ता समिति मार्फत कार्य गराउन यस बर्ष रु.५१८५८६१२ को लागत तयार भै गाउंपालिकाले २९० उपभोक्ता समितिलाइ रु.४४२७३८१३ भूक्तानी गरेकोमा रु.७७१४७१९ को श्रमदान गरेको देखिन्छ । समिति मार्फत कार्य गराउँदा समितिको आम्दानी खर्चको विवरण, निर्माण सामाग्री र औजार खरिद प्राप्त आदिको विवरण, आयोजना स्थलमा टाँस गर्नुपर्ने सबैले देख्ने सूचनापाटी, आयोजनाको प्रगति स्थिति, खर्च सार्वजनिक सूचना फारम, उपभोक्ता समितिको भौतिक वित्तिय प्रगति प्रतिवेदन फारम, सार्वजनिक परीक्षण र प्राप्त सुझावहरु, जनसहभागिताको पूर्ण विवरण, योजना निर्माणमा संलग्न कामदारहरुको सम्पूर्ण विवरण (डोर हाजिरी फारम), उपभोक्ता समितिले स्थानीय तहमा पेश गर्नुपर्ने प्रगति विवरण जस्ता विवरणहरु सम्झौता गर्ने सबै उपभोक्ताहरुले भरी पेश गर्ने नगरेको देखिन्छ । साना तिना कार्यको सम्झौतामा यस्ता विवरण नभएतापनि ५ लाख भन्दा बढीको कार्य प्राप्त गर्ने उपभोक्ताहरुले उपर्युक्त विवरणहरु तयार गरी राख्ने वा पेश गर्ने गर्नुपर्दछ ।	
३३.२.	**उपभोक्ता समिति दर्ता :** संस्था दर्ता ऐन, २०३४ दफा ३ अुनसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संभौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाइं बजेट परेको आधारमा अस्थाइं समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ ।	
३३.३.	**आयोजना हस्तान्तरण:** सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट ८३ वटा आयोजना सम्पन्न गरेकोमा कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ ।	
३३.४.	उप नियम (३) अनुसार उपभोक्ता समूहबाट लाभग्राही समुदायले गर्ने काम वा सेवाका सम्वन्धमा खरिद सम्झौता गर्नुपर्ने र त्यस्तो सम्झौतामा उपभोक्ता समूहले व्यहोर्नुपर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि, कामको गुणस्तर नियन्त्रण गर्ने, सम्पन्न निर्माण कायको मर्मत सम्भार , सम्पन्न निर्माण कार्यको भुक्तानीको शर्त र तरिका अन्य आवश्यक कुराहरु सम्झौतामा स्पष्ट रुपमा खुलाउनु पर्नेमा अधिकांश सम्झौतामा यी कुराहरु खुलाउने गरेको पाइएन ।	
३३.५.	उपनियम (७) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले आफ्नो प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टांस गर्नुपर्ने उल्लेख भएपनि सो नगरी कार्य गरेको पाइयो ।	
३४.	**फरक नर्म्सको प्रयोग :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कतिपय कार्यको लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा नेपाल सरकार, स्थानीय पूर्वाधार तथा कृषि सडक विभागबाट स्थानीय निकायको लागि स्वीकृत नर्म्स प्रयोग हुनुपर्नेमा अन्य निकायबाट जारी नर्म्सको प्रयोग गरेको पाइयो । जसले गर्दा विभिन्न संरचनाको ढुंगाको सोलिङ्ग कार्यको दर बिष्लेषणमा फरक परेको कारण बढी भुक्तानी असुल हुनुपर्ने रु.	४०२६९.३

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम

भौ.नं. र मिति	कार्य विवरण	परिमाण	भुक्तानी दर	पाउने दर	बढी दर	बढी भुक्तानी
२२-४/३१	कमेरे पहाड पर्यटन प्रवर्द्धन	४.६२	३३४५	३०५६	२८८.२५	१३३१.७२
३८-१०/१०	झरना व्यवस्थापनको निम्ति पदमार्ग विश्रामलय	४.६२	३३९०	३०५६	३३३.२५	१५३९.६२
३८-१०/१०	"	५.५०	३६४३.८५	३०५६	५८७.१०	३२२९.०५
२६-१०/२९	खारखोला सडक	३२.५७	३४९६.७५	३०५६	४४०	१४३३०.८०
११९-१२/२६	लसुन याङ्गे काजेटार वुलु सडक योजना	३३.७९	३६४३.८५	३०५६	५८७.१०	१९८३८.११
	जम्मा					**४०२६९.३**

३५. **सुचना तथा सञ्चार प्रविधिः** २२१-२०७६।२।२१ शिक्षा तथा मानव श्रोत विकास केन्द्र कार्यक्रम कार्यान्वयन पुस्तिका सुचना तथा सञ्चार प्रविधि ल्याब निर्माण गर्न रु.६५०००० का दरले २ वटा विद्यालयलाई रु.१३००००० अनुदान दिई सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । गाउपालिकाले मोतिराम माध्यमिक विद्यालय प्रविधिमैत्री विद्यालय व्यवस्थापन गर्न रु.१३००००० बजेट विनियोजन गरी रु.८२६१३४ खर्च गरी कार्य सम्पन्न गरेकोमा देखिएका व्यहोराहरु निम्ननुसार छन्:

१. रङ्ग रोगन फर्निचर विद्युत वायरिङ्ग सम्बन्धि रु.३५६४५० र क्वालिटी कम्प्युटर भद्रपुरको सुचना प्रविधि सम्बन्धि सामान खरीद गरेका रु.३५७९०० दरभाउ पत्र लिई खरीद गर्नुपर्नेमा सोझै खरिद गरेको रु. ७१४३५०

२. विद्युत प्राधिकरण विद्युत शुल्क, बैंक खाता खोल्न, अवलोकन खर्च, इन्धन खर्च, खाना खाजा बास खर्च आदी जस्ता विद्यालयको खर्च विद्यालयबाट खर्च गर्नु पर्नेमा यस शिर्षकबाट खर्च भएकोले असुल गरी संचित कोषमा दाखिला हुनुपर्ने रु. १११७८४

३६. **मूल्य अभिवृद्धि कर दाखिलाः** आन्तरिक राजश्व विभागको मिति २०७६।२।२७ को पत्रानुसार ठेकेदारका आपूर्तिकर्तालाई कर विजक वापतको रकम भूक्तानी गर्दा निजलाई भूक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशत हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शीर्षकमा दाखिला गर्नुपर्ने भनेकोमा निम्नानुसार भूक्तानीमा सो अनुसार भएको नदेखिएकोले दाखिला भएको पेश हुनुपर्ने रु. २२४०९८०.

भौ.नं र मिति	नाम	विल नं	विजक मिति	मु.अ.कर भुक्तानी	५०प्रतिशशत रकम
२६९-३/८	विष्णु नि.से.प्रा.लि.इलाम	१६	३/५	४६०१५	२३००७.५
२६९-३/८	जलेश्वर नि.से.झापा	५१	३/४	३६७६४	१८३८२
२७५-३/१५	माई भगवती पुरन नि.से.	१	३/९	६९९३०	३४९६५
२७६-३/१५	उत्तम प्रगती नि.से.प्रा.लि.	७	३/१२	५७३२६	२८६६३
२८२-३/१५	माई भगवती कं.प्रा.लि.	१३	३/१५	१८५००९	९२५०४.५
२८३-३/१५	झापाली इन्टरनेश्नल एण्ड वि.	७४	३/१५	२९६६९०	१४८३४५
२८६-३/१६	इलाम कन्स्ट्रक्सन	६	३/१५	५५५१८	२७७५९
२९२-३/१७	मनसाराम नि.से.प्रा.लि.	३०	३/१३	२९००८	१४५०४
३२८-३/२७	विष्णु नि.से.इलाम	१७	३/१६	४९२१८	२४६०९
३२९-३/२७	दिलचन्द्र कं.प्रा.लि.	२६	३/२१	१७३१६	८६५८
३४२-३/२९	राज विल्डर्ल्स प्रा.लि.	८	३/२९	१००३६९	५०१८४.५
३४७-३/३०	भोज्क नि.से.इलाम	२५	३/२९	३२५९५६	१६२९७८
३६८-३/३१	राज विल्डर्स प्रा.लि. झापा	१२	३/३१	५१५४४	२५७७२
३६९-३/३१	राज विल्डर्स प्रा.लि. झापा	१०	३/३१	१९४१३०	९७०६५
३७०-३/३१	विष्णु नि.से.प्रा.लि.इलाम	२०	३/२५	९२०३०	४६०१५
३७१-३/३१	झापाली इन्टरनेश्नल ईन्जिनियरिङ्ग	११३	३/३१	२८६८४९	१४३४२५
३७२-३/३१	इलाम कन्स्ट्रक्सन प्रा.लि.	९	३/३१	८५६४०	४२८२०
३७३-३/३१	जय इश्वरी नि.से.प्रा.लि.	२२	३/३१	३३२८६०	१६६४३०
३७५-३/३१	राज विल्डर्स प्रा.लि.	११	३/३१	२०६२५८	१०३१२९
३७६-३/३१	झापाली इन्टरनेश्नल ईन्जिनियरिङ्ग	१११	३/३१	१४७५७७	७३७८८.५
३७७-३/३१	झापाली इन्टरनेश्नल ईन्जिनियरिङ्ग	११०	३/३१	१९०३९४	९५१९७
३७८-३/३१	झापाली इन्टरनेश्नल ईन्जिनियरिङ्ग	११२	३/३१	२०५०३९	१०२५२०
३७८-३/३१	मातृभुमि नि.से.एण्ड स.	१३	३/२९	८४४००	४२२००
३७९-३/३१	माई भगवती पुरण नि.से.	२	३/३१	१२३४०८	६१७०४
३८०-३/३१	सक्षम नि.कम्पनी प्रा.लि.	२८	३/३१	१९७१३४	९८५६७

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम

३८५-३/३१	सक्षम नि.कम्पनी प्रा.लि.	३१	३/३१	२५१०६२	१२५५३१
३८४-३/३१	इलाम कन्स्ट्रक्सन प्रा.लि.	१०	३/३१	११७१७२	५८५८६
३८३-३/३१	सक्षम नि.से.	२९	३/३१	३८२३६०	१९११८०
३५२-३/३०	पाथीभरा श्रुति संवृद्धि उद्योग	३४	३/२५	७८६५	३९३२.५
३३५-३/२९	पाथीभरा विल्डर्स एण्ड सप्लायर्स	१५	३/२२	५९६७०	२९८३५
२९७-३/१९	दिलचन्द्र कं.प्रा.लि.	२३	३/१५	२९७०२	१४८५१
२९७-३/१९	खनाल कं.प्रा.लि.	१७	३/१५	५७५२२	२८७६१
२८५-३/१६	पाथीभरा श्रुति संवृद्धि	२७	३/११	११०२२४	५५११२
	जम्मा			**४४८१९५९**	**२२४०९८०.**

३७. **हेभी मेशीनबाट कार्य :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) मा काम वा सेवाको प्रकृति परिमाण, लाग्ने रकम, उपभोक्ता समितिले व्यहोर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सूचाना प्रकाशन गरी प्रस्ताव माग गर्ने र उपभोक्ता समितिले आवश्यकता अनुसार छलफल, वार्ता वा निर्माणस्थलको भ्रमण गरी कार्य समुदायको सहभागितामा सम्पन्न हुने, सम्पन्न निर्माण कार्यको संचालन वा मर्मत संभार समुदायले गर्नुपर्ने प्रावधान राखी सम्झौता गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान तयार गर्दा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था छ । लोडर, एक्साभेटर, मेशीनहरू समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गरी उपभोक्ताको जन श्रमदान अंश समेत सोही उपकरणबाट गराई खर्च भुक्तानी गर्ने गरको देखियो । यसबाट उपभोक्ता समितिमार्फत कार्य गराई आयोजनामा जनताको स्वामित्व अभिवृद्धि गरी रोजगारी सृजना हुने अवस्था नदेखिएकोले यस्ता कार्य प्रतिस्पर्धा मार्फत गराउँदा मितव्ययी हुने हुदा यसरी कार्य गराउनु नियमित नदेखिएको रु. ५९१४२३८.

भौ.नं. र मिति	निर्माण वयवसायी	उपभोक्ता समिति	खर्च रकम
२६९-३/८	नि.से.प्रा.लि.	गा.पा.बाट थाङ्गे हुँदै बाजप्टार विरीङ्ग खोला	१०१२००
२६९-३/८	विष्णु नि.से.इलाम	"	३९९९८०
२६९-३/८	जलेश्वर नि.से.प्रा.लि.	"	३१९५६४
२९२-३/१७	मानसाराम नि.से.प्रा.लि.	पहिलो पारी जुल्फे जिरी खिम्ती स.उ.स.	२०००००
३२८-३/२७	विष्णु नि.से.	बाधखोर पारीगाउँ मानवुङ्ग डाँडा स.उ.	४२७८१५
३२९-३/२७	दिलचन्द्र कं.प्रा.लि.	तिनधरे शान्तिपुर वर भन्ज्याङ्ग स.उ.	१५०५१६
३७०-३/२५	विष्णु नि.से.	सुब्वा भञ्ज्याङ्ग बडहरे पुच्छर विरीङ्ग स.उ.	७९९९६०
२५३-२/२९	भोज्म निर्माण सेवा	सुब्वा भञ्ज्याङ्ग बडहरे पुच्छर विरीङ्ग स.उ.	४७१४७५
२४६-२/२८	दिलचन्द्र कन्स्ट्रक्सन प्रा.लि.	सुनमाई हल्लुडे सडक नि.से.	५६४४३५
६५-९/३०	इभरग्रीन कन्स्ट्रक्सन प्रा.लि.	भोटेटार काउसेटार तिलहरे सडक योजना	२५३०००
८३-११/२१	मनसाराम निर्माण सेवा	पहिरो पारी जुल्फे सडक उ.स.	११११९९.९
८६-११/२३	दिलचन्द्र कन्स्ट्रक्सन प्रा.लि.	लामकटेरी वदामटार सडक योजना	१०९१५८
८७-११/२३	रोड पाथीभरा कन्स्ट्रक्सन प्रा.लि.	ठुलो आहाल निवारे चामेटार वेसीटोल हुँदै सु.न.पा.जोड्ने सडक योजना	११५०००
१०७-१२/१३	आदित्य निर्माण सेवा	गुम्वा डाँडा गडामे वरफल्याङ सडक योजना	१९४३६०
१२०-१२/२६	रोड पाथीभरा कन्स्ट्रक्सन प्रा.लि.	मुचुङ्गे फुलडाँडा चिसापानी जोड्ने सडक योजना	२६८४१३.४२
३३५-३/२९	पाथीभरा विल्डर्स एण्ड सप्लायर्स	हर्कटे ध्वजे सलकपुर निन्दा सडक उ.स.	५१८६७०
२९७-३/१९	दिलचन्द्र कं.प्रा.लि.	वर भञ्ज्याङ तिलारे दुम्से साघुटार उ.स.	२५८१७६
२९७-३/१९	खनाल कन्स्ट्रक्सन	वर भञ्ज्याङ्ग सडक उ.स.	५०००००
२६१-२/३१	दिलचन्द्र कं.प्रा.लि.	वरभञ्ज्याङ्ग सडक उ.स.	१५०५१६
		जम्मा	**५९१४२३८.३२**

३८. **२७७-३।१५** नयाँ पत्रिकाको २०७५।११।८ मा वडा नं.२ को कार्यलय भवन निर्माणको शिलबन्दी बोलपत्र सुचना प्रकाशन गरको स्वयत्त ४*२० साइजमा दर रु.२३५० ले रु.१०८००० मा मु.अ.कर समेत रु.१२२०४० नयाँ प्रकाशन प्रा.लि.काठमाडौंलाई भुक्तानी गरको छ । उक्त दर के कुन आधारमा तय भएसको स्पष्ट नभएकोले गो्रखापत्रमा यस्तो सुचना प्रकाशन गर्दा २५ प्रतिशत छुट प्राप्त हुनेमा सो नगरी महँगो दरमा प्रकाशन गर्दा बढी व्ययभार परेको रु. ३०५१०

३९. **२८८-३।१६** शान्तिपुर मा.वि.रोडलाई कम्प्युटर झापाको विभिन्न मितिका बिल अनुसार निम्नानुसार सामान खरीदको भुक्तानी गरेकोमा उक्त सामान विद्यालयले जिन्सी आम्दानी गरेको नदेखिएकोले दाखिला भएको जिन्सी किताब पेश हुनु

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	पर्ने रु.	१०४८९५०

सि.नं.	सामान	संख्या	मुल्य
	शान्तिपुर मा.वि.		
१.	Acer c*830 Desktop with led monitor	१०	४३००००
२.	Nec v303G projector	१	४५०००
३.	UPS 650 VA	१	४०००
४.	Brother DCP 2365 DW printer	१	१८०००
५.	Speaker	१	२८००
	जम्मा		**४९९८००**
	शंकर आधारभुत विद्यालय रोङ-३		
१.	Acer Aspire c*830 DDC 4 GB Desktop Computer	२	८६०००
२.	E-Attendance Device-Software	२	२१३५०
३.	CC camera जडान 24" LED TV समेत	विभिन्न सामान	९६९००
	जम्मा		**२०४२५०**
	मोतिराम मा.वि.रोङ-६		
१.	Dell 3567 P3 2a pto with all access	२	९६०००
२.	Technos 50"4k smart tv with accessories	१	६३०००
३.	Epson Ebsos projector with all accessories	१	४५०००
४.	Technos 55" smart tv with all accessories	१	७२०००
५.	E-attendance machine k88	१	१५०००
६.	Brother D.C.P.Printer	१	२४०००
७.	Pen drive	८	८०००
८.	Speaker	३	२१९००
	जम्मा		**३४४९००**

४०. **विद्युत विस्तारः** विभिन्न उपभोक्ता समितिहरुबाट वडाका विभिन्न स्थानमा विद्युत विस्तार गरेको भनी समितिलाई भुक्तानी गरको देखिन्छ । सो को अलावा निर्माण व्यवसायीबाट तथा अन्य आपुर्तकबाट सोझै खरीद गरेको पाईयो । विद्युत विस्तार सम्बन्धीका कार्यहरु गर्दा विद्युत प्राधिकरणको दर लिई लागत अनुमान तयार गरी सो संस्था समेतको सहभागितामा कार्य हुनुपर्नेमा विद्युत जडान जस्तो संवेदनशिल कार्य विद्युत प्राधिकरणको सहमति वा स्वीकृति प्राप्त पत्र वेगर विद्युत जडान गरेको भन्ने कार्यको वास्तविकता एकिन भएन । अतः निम्नानुसार कार्यको भुक्तानीकोक यथार्थ पुष्टी हुनु पर्ने देखिन्छ ।

भौ.नं.र मिति	विद्युत जडानको कार्य गर्ने संस्था	स्थान	भुक्तानी रकम
३४१-३/२९	निर्मले विद्युत विस्तार उपभोक्ता समिति	वडा नं.६	५७६१८०
३४६-३/३०	विद्युत विस्तार उ.स.रोङ वडा नं.६	वडा नं.६	९५००००
३५०-३/३०	विद्युत विस्तार उ.स.रोङ वडा नं.५	वडा नं.५	८७५०००
३५५-३/३१	विद्युत वितरण कार्यक्रम संचालन उ.स.	वडा नं.५	५८२०००
३७५-३/३१	राज विल्डर्स प्रा.लि.वडा नं. ६	लेप्चा बस्तीमा	१७९२८६६
२३३-२/२७	विद्युत उपभोक्ता समिति रोङ ६	रोङ-६	३३००००
२२३-२/२१	विद्युतीकरण कर्यक्रम संचालन उपभोक्ता समिति	रोङ-५	१७८०००
३५२-३/३०	विद्युतीकरण कार्यक्रम संचालन उ.स.	वडा नं.५	९७००००
२८७-३/१६	विद्युत सुविधा विस्तार उ.स.	रोङ ३	९७००००
२८५-३/१६	विद्युत उपभोक्ता समुह	रोङ ४	९७००००

४०.१. विद्युत विस्तार र जडान सम्बन्धी कार्य उपभोक्ता समितिले मात्र विद्युत प्राधिकरणको अनुमति वेगर जडान गर्न सक्ने कार्य हाइन । यस्ता कार्यको एकमुष्ट लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक माध्यमबाट कार्य गर्नु पर्नेमा बढी दरमा र फरक फरक दरमा सामान खरीद गरेको बिल पेश भएको आधारमा रकम भुक्तानी भएको देखिन्छ ।

४१. **३५७-३।३१** चिसापानी सामुदायिक वन उपभोक्ता समितिलाई वन कार्य योजना नविकरण सहयोग भनी रु.५०००० गा.पा.बजेटबाट भुक्तानी भएको पाइयो । उक्त समितिले आफ्नो सामुदायिक वनको आय समेत आर्जन गर्ने हुँदा यस्ता खर्च गाउँपालिकाबाट गर्नु उपयुक्त र नियम सम्मत नदेखिएको रु. ५००००

४२. **बढी रकमान्तरः** निम्नानुसारका कार्यक्रममा सुरु बजेटको २५ प्रतिशत भन्दा बढी रकमान्तर गरी खर्च गरेको देखिएकोले नियम विपरीत देखिएको रु. २५०००००

योजनाको नाम	सुरु बजेट	बजेट थप	थप प्रतिशत
मंगलटार सिंचाई योजना	२०००००	१००००००	५००

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम

७ नं.गोलाई-मार्से-सिम्ले सडक	११०००००	१९०००००	२७२.७३
जिर्मेल-निन्दा-कुवापानी-तेलपानी सडक	१२०००००	२००००००	१६६.६७
विरीङ्ग-खरवन-सुब्बा भञ्ज्याङ्ग सडक	११०००००	१७०००००	१५४.५५
पुर्ण सरसफाई कार्यक्रम वडा नं.३,४ र ६	१२०००००	१९०००००	१५८.३३
जम्मा	**४८०००००**	**८५०००००**	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
४३.	निम्नानुसार कर वर्षान्तसम्म सम्बन्धित खातामा दाखिला नगरी बाँधी रहेकोले दाखिला हुनुपर्ने रु.	३६२८१

३८-१/३०	आयोजना व्यवस्थापन खाता	१२९००
३२६-३/२६	राज विल्डर्स प्रा.लि.लाभकर	१७१२८
चालु खाता	संचय कोष दाखिला बाँकी	६२५३
	जम्मा	**३६२८१**

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
४४.	**अग्रीम कर कट्टाः** १४९-२०७६।३।३१ आय कर ऐन, २०५८ अनुसार अग्रीम कर कट्टा गर्नुपर्ने उल्लेख छ । मनकामना मेडिको विराटनगरसँग सामान खरिद गर्दा अग्रिम कर कट्टा गर्नुपर्नेमा नगरेकोले असुल हुनुपर्ने रु.	९०३
४५.	**भरपाई पेशः** २९-२०७५।९।९ आर्थिक प्रशासन सम्बन्धि नियमावली, २०६४ को नियम ३६ अनुसार बिल भरपाई सहितको लेखा राख्नुपर्नेमा न्यानो झोला वितरणको ५५५ थान वितरणको भरपाई पेश नभएको रु.	४४१७८०
४६.	**बढी खर्चः** ५८०-२०७६।३।३१ स.म.वि.नि.रेणुका राईको पेश्की फछ्र्यौट फाँटवारी अनुसार प्रदेश नं.१ को पदाधिकारीहरुले पाउने सेवा सुविधा उल्लेख छ । सो अनुसार न्यायिक समिति बढीमा ५ जना सदस्यहरुले महिनामा २ पटकसम्म बैठक भत्ता पाउने उल्लेख छ । उक्त नियमभन्दा बढी मेलमिलाप कर्ताहरुलाई ९ जनालाई यातायात खर्च वापत रु.५०० का दरले रु.१९५०० र विवाद समाधानका क्रममा ५ जना पदाधिकारीहरुलाई दैनिक भ्रमण भत्ता वापत रु.३३१०० समेत रु.५२६०० नियम विपरीत भुक्तानी भएको असुल हुनुपर्ने रु.	५२६००
४७.	**भ्रमण खर्चः** ५९०-२०७६।३।३१ ना.सु.नेत्र प्रसाद पोखेलको क्षमता विकास तालिममा कर्मचारी र जनप्रतिनिधि मिति २०७६।७।२६ र २७ गते २ दिने सलकपुर भ्रमणमा जाँदा सहभागी चिया नास्ता रु.२८०००, होटल बास खर्च रु.२१००० खाना खाजा खर्च रु.६३००० श्रोत व्यक्ति पारिश्रमिक रु.२४५००, सहभागी स्टेशनरी रु.७०००, यातायात खर्च रु.२०००० अन्य खर्च रु.२३००० र सहभागी भत्ता वापत रु.७०००० समेत जम्मा रु.२५६५०० खर्च लेखेकोमा सहभागीलाई खाना खाजा खर्च र बास खर्च समेत भुक्तानी भइसकेकोले उक्त रकम असुल हुनुपर्ने रु.	७००००
४८.	**गरिबसँग विश्वेश्वर कार्यक्रमः** ५९६-२०७६।३।३१ अन्जना तामाङ्गको पेश्की फछ्र्यौट गर्दा मार्ग दर्शन कृषि तथा पशुपालन प्रा.लि.झापाबाट कोरली बाछी ७ वटा खरीद रु.१४८६९५ वितरण गरेकोमा उक्त गाइको वाछीहरुको स्वास्थ्य परिक्षण सम्झौता अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.	१४८६९५
४९.	**झोलुङ्गे पुल निर्माणः** भालुखोप झोलुङ्गे पुल निर्माणको लागि लागत अनुमान रु.७१०३५२८.६७ तयार गरी भालुखोप पुल पहुँच मार्ग निर्माण समितिसँग २०७४।१०।१८ मा सम्झौता भई जिल्ला प्राविधिक कार्यालय गत आ.व.मा रु.२२०६४८२ भुक्तानी भई गा.पा.मा हस्तान्तरण भई आएको र गा.पा.बाट सम्झौता गरी अन्तिम बिल भुक्तानीमा कामदारको बिमा, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरीक्षण, गुणस्तर परीक्षण, लागत अनुमानको नापी किताब र कार्य सम्पन्न प्रतिवेदन पेश भएको र ससपेन्सन बृज डिभिजनको स्ट्याण्डर्डमा पुल निर्माण भए नभएको प्रमाणहरु पेश हुन नआएकोले उक्त प्रमाण पेश हुनुपर्ने रु.	२२०००००
५०.	**धरौटीतर्फः** धरौटी रकम फिर्ता गर्दा कार्य सम्पन्न प्रतिवेदन वा प्राविधिक सिफारिस र कर समायोजन पत्र पेश भएपछि मात्र फिर्ता दिनुपर्ने उल्लेख छ । भौ.नं.२ मिति २०७५।४।१२ बाट मानीटार निर्माणक सेवालाई रु.१७४३१ र भौ.नं.१६ मिति २०७६।३।३१ बाट मातृभुमि निर्माण सेवा एण्ड सप्लायर्सलाई रु.२०००० भुक्तानी भएकोमा कर समायोजन पत्र पेश नभएको रु.	३७४३१
५१.	**सवारी साधन भाडाः** आर्थिक प्रशासन सम्बन्धि ऐनको दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैंन भन्ने उल्लेख छ । सवारी साधन भाडाा वापत रु.९१२००० खर्च भएकोमा १० वटा गाडी धनीहरुलाई पटक पटक गरी भुक्तानी भएकोमा उक्त नियमको पालना भएको नदेखिएकोले नियमित हुनुपर्ने रु.	९१२०००
५२.	**बैठक भत्ताः** ३७४-२०७६।३।३१ एउटै निकायका पदाधिकारीहरुको बैठकमा भत्ता नपाउने उल्लेख छ । विभिन्न मितिमा ठेक्का व्यवस्थापनको लागि बसेको बैठकमा बैठक भत्ता वापत बोलपत्र मुल्याङ्कन समितिका ६ जना पदाधिकारीहरुलाई रु.८५००० मा कर कट्टी रु.१२७५० गरी रु.७२२५० भुक्तानी गरेकोमा उक्त नपाउने बैठक भत्ता भुक्तानी गर्न पाउने आधार पेश हुनुपर्ने रु.	७२२५०

सि.नं.	नाम थर	पद	बैठक संख्या	बैठक भत्ता	जम्मा रकम	कर कट्टी	भुक्तानी
१.	सम्शेर राई	अध्यक्ष	१७	१०००	१७०००	२५५०	१४४५०
२.	डिक प्रसाद दाहाल	सदस्य	१७	१०००	१७०००	२५५०	१४४५०

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम

३.	सचिदानन्द देव	सदस्य	१७	१०००	१७०००	२५५०	१४४५०
४.	नेत्र प्रसाद पोखेल	सदस्य	१५	१०००	१५०००	२२५०	१२७५०
५.	बवुल भक्त राज	सदस्य	२	१०००	२०००	३००	१७००
६.	पवन पौडेल	सदस्य	१७	१०००	१७०००	२२५०	१४४५०
	जम्मा						**७२२५०**

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	शिक्षा तर्फः	
५३.	**शिक्षकको अभिलेख :** शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ। कार्यालयले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी बिबरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमाबलीमा व्यवस्था भए बमोजिमको अभिलेख राख्नु पर्दछ। बिद्यालयस्तरमा सँचालन हुने कार्यक्रम कार्यान्वियन सहजिकरण पुस्तिका २०७५।०७६ अनुसार स्थानिय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन बिबरण जिल्ला शिक्षा कार्यालयबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले चौमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ। कार्यालयले नियमावलीले तोकेको प्रणालीको स्थापना गरेको नदेखिएको र लेखापरीक्षणको क्रममा उपरोक्त अभिलेखहरु पेश नभएकोले कार्यालयबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको सम्वन्धमा यथार्थता विश्लेषण गर्न सकिएन।	
५४.	**विद्यालयगत निकासा रजिस्टर्ड -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ। कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन। जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ।	
५५.	स्थानिय तहको लागि प्राप्त शैक्षिक कार्यक्रम बजेट तथा कार्यक्रमहरु कार्यान्वयनका लागि सहजिकरण गर्न विद्यालय क्षेत्र विकास कार्यक्रम (स्थानीय, प्रदेश, तह तथा शिक्षा विकास तथा समन्वय इकाई) बाट सम्पादन हुने कार्यक्रमहरु सम्वन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ तयार भएको छ। शैक्षिक कार्यक्रम बजेट सोही निर्देशिकामा तोकिएबमोजिम खर्च गर्नुपर्नेमा सो गरेको पाइएन यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:	
५६.	**माग फारमः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को अनुसूची १ अनुसारको फारम भरि शिक्षकहरुको तलब भत्ता चौमासिक माग बमोजिम निकासा दिनुपर्नेमा कार्यालयले मासिक रुपमा तलब भत्ता निकासा गरि विद्यालयको बैंक खातामा निकासा दिएको पाइयो।	
५७.	**पाठ्यपुस्तक अनुदानः** कक्षा ११-१२ मा अध्ययनरत तोकिएका लक्षितवर्गका विद्यार्थीहरुका लागि पुस्तकालयमा आधारित हुने गरी पाठ्यपुस्तक उपलब्ध गराउन विद्यालयलाई अनुदान उपलब्ध गराउने कार्यक्रम अन्तरगत विभिन्न २ माध्यामिक विद्यालयहरुलाई यस वर्ष रु.१ लाख १७ हजार १ सय प्रदान गरेको छ। यस अनुदान रकमबाट पाठ्यपुस्तक र स्वीकृत पाठ्यक्रममा भएको वा पाठ्यक्रम विकास केन्द्रको सम्वन्धित कक्षाका लागि भनेर स्वीकृत गरी सार्वजनिक गरेको सन्दर्भ सुची भन्दा वाहिका पुस्तक/पत्रपत्रिकाहरु खरिद गर्न नपाइने व्यवस्था छ। यस कार्यालयबाट अनुदान प्राप्त विद्यालयहरुमा कति जना निः शुल्क पाठ्यपुस्तक प्रयोग गर्ने विद्यार्थि रहेका छन् त्यसको तथ्यांक नरहेको र यसै कार्यक्रम अन्तरगत विगतमा समेत अनुदान प्रदान गरेकोमा अनुदान रकमले के कति र कुन पुस्तक खरिद गरेको तथा पुस्तको प्रयोगको अनुगमन नगरेकोले अनुदानको उपयोग एकिन हुन सकेन।	
५८.	**छात्रवृत्तिः** सामुदायिक विद्यालयका आधारभुत तथा माध्यामिक तहमा अध्ययनरत विद्यार्थीहरुका लागि दिइने विपन्न लक्षित र सिमान्तकृत लगायतका छात्रवृत्ती समयमा निकाशा माग नगरेकोले विद्यालयहरु मार्फत विद्यार्थीमा वितरण हुन सकेको छैन। विभिन्न ३० विद्यालयहरुलाई दलित छात्रवृत्ति अन्तरगत रु.४७,५०० रकम मात्र प्रदान गरेको छ। यसरी प्रदान गरेको रकमको सम्वन्धमा अनुदान प्राप्त विद्यालय व्यवस्थापन समितिले स्थानीय तहको निर्देशन एवम् आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक संघ समेतको सहभागितमा विद्यालयमा उपलब्ध अनुदान (छात्रवृत्ति) मध्येबाट विद्यालय व्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रवृत्ति पाउने छात्रछात्राहरुको नामावली सहितको विवरण अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। यस किसिमको छात्रवृति शैक्षिक सत्र २०७५ मा भर्ना भएका विद्यार्थीहरुले मात्र पाउने व्यवस्था छ। छात्रवृत्ती वतरण गरीएका विद्यार्थीको नामावली र वितरणको भरपाई	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	कार्यालयमा पेश नभएकोले तथा २०७५ का विद्यार्थिको आधारमा भौ.नं.३४ मिति २०७५।७।१६ मा कार्यालयले विद्यालयलाई छात्रवृत्ती अनुदान उपलब्ध गराएको र छात्रवृत्ती वितरणको अनुगमन गरी प्रतिवेदन तयार नभएकोले निर्देशिकाले तोकेको मापदण्ड पुगेका विद्यार्थिहरुले छात्रवृत्ती प्राप्त गरे नगरेको एकिन हुन नसकेको रु.	४७५००
५९.	**चार कोठे भवन निर्माण:** पहिलो वर्ष भएको मुल्याङ्कन गरी सो वर्ष दिइएकौ अनुदान रकम बराबर मुल्याङ्कन गरी पहिलो किस्ता दिनुपर्नेमा अघिल्लो वर्षको मूल्याङ्कन गरेको पाइएन । गत विगत आर्थिक वर्षहरुमा सम्पन्न विद्यालय भवन निर्माण कार्य सम्पन्न प्रतिवेदन अनुसूची-३ मा तोकिए बमोजिमको ढाँचामा सम्बन्धित प्राविधिकबाट तयार गर्न लगाई स्थानिय तहक शिक्षा अधिकृत प्रशासकीय प्रमुख, प्राविधिक कर्मचारी सम्बन्धित विद्यालयको प्र.अ.,विद्यालय व्यवस्थापन समितिको अध्यक्ष समेतले प्रमाणित गरी गराई विद्यालय र स्थानीय तहमा एक एक प्रति राख्ने व्यवस्था मिलाउनु पर्ने उल्लेख भएता पनि कार्य सम्पन्न प्रतिवेदन प्राविधिकबाट तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरेको देखियो । भवनको कार्य सम्पन्न भएता पनि फर्निचर खरिद गरेको बिल भरपाई, नापी किताब, रनिङ बिल समेत पेश नभएको कुवापानी माध्यमिक विद्यालयलाई निकासा भएको रु.	१८०००००
६०.	**प्रतिवेदन गर्नुपर्ने:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । निम्नानसारको विद्यालयहरुमा चार कोठे भवन निर्माणकालागि र आ.ईसि.टि ल्याव निर्माणकोलागि आ.व.२०७५/०७६ को विनियोजित रकम चौमासिक रुपमा निकासा गरि भवन निर्माण र आ.ई.सि.टि सामान खरिद गर्नुपर्नेमा को.ले.नि.का इलामको च.न ५६६ मिति २०७६।०३।३१ को पत्रानुसार निकासा प्राप्त भई उक्त विद्यालयहरुको खातामा रकम जम्मा भएकोमा यस आ.वको विनियोजित वजेट आ.व को अन्तिम दिनमा खातामा जम्मा भएकाले उक्त रकमको कार्य समपन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.	६३९२०००

भौ.न मिति	विद्यालयको नाम	कार्यक्रम	रकम
१३२/२०७६।०३।३१	शान्ति निकेतन मा वि	आ.इ.सि.टि ल्याव निर्माण	२७९२०००
१३२/२०७६।०३।३१	वहुवन मा.वि	चारकोठे भवन निर्माण	३६०००००
	जम्मा		**६३९२०००**

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
६१.	**दुई कोठे भवन :** शिक्षा तथा मानव स्रोत विकास केन्द्र कार्यक्रम कार्यन्वयन पुस्तिका २०७५।०७६ क्रियाकलाप नं.८.२.३.३१.१० को निर्देशिका अनुसार दुई कोठे नयाँ कक्षाकोठा सहित फर्निचर निर्माण (ल्याब र लाइब्रेरी समेत) गर्नुपर्ने उल्लेख भएकोमा फर्निचर व्यवस्था भएको पाइएन । विद्यालय भवन निर्माण गर्दा असक्तहरुले समेत प्रयोग गर्न सक्ने गरी र्‍याम्प राखी ह्वील चियर जान सक्ने गरी निर्माण गर्ने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । कार्य सम्पन्न प्रतिवेदनमा सो कार्य नगरी गाउपालीकाको प्राविधिकवाट लागत अनुमान तयार गरि प्रशासकिय अधिकृत वाट तयार गरेको निर्देशिका विपरित शारदा आ.वि भवन निर्माण गरेको रु.	१६०००००
६२.	**निशुल्क पाठ्यपुस्तक :** भौ नं. ५९ मिति २०७५।११।२९ गाउपालिका अर्न्तगतका ३० विद्यालयहरुलाई दोस्रो चौमासिकमा निकासा दिनु पर्ने निःशुल्क पाठ्यपुस्तक वापतको ७५ प्रतिशत रकम रु ६४९४४९।- फाल्गुन महिनाको अन्त्यतिर मात्र निकासा गरेको पाइयो । विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।०७६ मा विद्यार्थीले शैक्षिक सत्रमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ । यस वर्ष १ देखि १० कक्षा सम्मका विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वापत रु.८६५८५९।- खर्च लेखेकोमा स्थानीय तहबाट अनुगमन गरेको पाइएन । अनुगमन नभएकोले सम्बन्धित विद्यार्थीले पाठ्यपुस्तकको उपयोग सम्बन्धमा एकिन गर्न नसकिने भएकोले अनुगमन गरी प्रतिवेदन दिने व्यवस्था हुनुपर्दछ ।	
६३.	**डिजाइन स्वीकृत नगराएका-** आ.व. २०७५/०७६ को विद्यालयलाई प्रदान गरिने कार्यक्रमहरुको पानी तथा स्वास्थ्य र सरसफाई सुविधा सहितको शौचालय निर्माण गर्नको लागि कुवापानी मा.वि र शसि मा.वि लाई रु ७ लाख का दरले १४०००००। खर्च लेखेकोमा शौचालको डिजाइन शिक्षा तथा मानव स्रोत विकास केन्द्र वाट स्वीकृत भए अनुसार हुनु पर्नेमा गाउपालिका कार्यकारी प्रमुखवाट स्वीकृत गरि कार्य गरेको छ ।	
६४.	**सोझै खरिद:** सार्वजनिक खरिद नियमावली २०६४ को दफा ८५ (१) मा पाँच लाख सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था भएकोमा यस कार्यालयवाट देहायका विद्यालयलाई रकम निकासा गरि नियमावलीमा भएको सिमा भन्दा वढिको सोझै खरिद गरेकाले नियमको पालना नगरेको रु	१३०००००

भौ.न	मिति	विद्यालयको नाम	कार्यक्रम	रकम
९४	२०७६।०३।१७	उमा महेश्वर मा.वि रोड	सुचना प्रविधिको सामग्रि खरिद	६,५०,०००
९७	२०७६।०३।२२	शान्ति निकेतन ान.वि	विज्ञान प्रयोगसाला व्यवस्थापन	६,५०,०००
१११	२०७६।०३।२९	वहुवन मा.वि	पुस्तकालय व्यवस्थापन	६,५०,०००
		जम्मा		१९,५०,०००

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
६५.	**जिन्सी दाखिला नभएको:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) अनुसार कार्यालयमा रहेको र खरीद गरी वा नगरी वा कुनै प्रकारले हस्तानान्तरण भई वा वस्तुगत साहयता अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सि मालसमानको विवरण र मूल्यसमेत खुलाई जिन्सि किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अध्यावधिक गरी राख्नु पर्ने उल्लेख छ । निम्नानुसारका विद्यालयहरुले जिन्सि खातामा आम्दानी नबाँधेको रु.	९९७२४३

भौ.नं.र मिति	विद्यालयको नाम	सप्लायर्सको नाम	सामानको नाम	रकम
९७-३।२२	शान्ति निकेतन मा.वि	वर्षा सप्लायर्स	विज्ञान प्रयोशाला सम्वन्धि सामाग्रीहरु	४१८३४३
१११-३।२२	वहुवन माध्यमिक विद्यालय	विभिन्न	पुस्तकालय व्यवस्थापनकोलागि ल्याप्टप, कुर्चि,टेलिभिजन, पुस्तक लगायतका सामग्रि खरिद	५७८९००
	जम्मा			९९७२४३

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	कृषि तथा पशु तर्फः	
६६.	कृषि तथा पशु पालन, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी नीति निर्माण कार्यान्वयन तथा अनुगमन गर्ने गाउँपालिकाको काम कर्तव्य र अधिकार तोकिएको छ । सो कार्यका लागि कृषि पकेट क्षेत्र, फलफुल बगैचा पशुपालन समुह लगायतको तथ्याङ्क बिश्लेषणका लागि कृषि उपज बिरुवाको वितरण, पशुपालक समुहलाई बितरण गरेको रागो, कुखुरा जस्ता कृषिजन्य वस्तुको अनुदान विभिन्न शिर्षकबाट गत बिगत एवं यस वर्ष बितरण गरेको अनुदान सम्बन्धमा तथ्याङ्क व्यवस्थित गरी अनुगमन गर्ने नगरेकोले खर्चको प्रभावकारीता एवं भावी रणनीतिका लागि आवश्यक कदम चाल्नुपर्दछ ।	
६७.	यस वर्ष गाउँपालिकाबाट कृषि तर्फ मिनी टेलर, मकैको बीउ र च्याउको बीउ कार्यक्रममा रु.२७४६५९६ खर्च भएको विवरण प्राप्त भएको छ । कृषकहरुले प्रत्यक्ष लाभ प्राप्त गर्ने गरि संचालित यस्ता कार्यक्रमहरुबाट वास्तविक किसान लाभान्वित हुन सके सकेनन् त्यसको अनुगमन गरि किसानले के कति मात्रामा आय आर्जन बृद्धि गर्न सके एवं प्रत्यक्ष अप्रत्यक्ष रोजगारीमा समेत के कति प्रभाव पर्न गयो । त्यसको अनुगमन प्रतिवेदन प्राप्त हुन नआएकोले खर्चको सहि उपयोग भएको छ भनी आस्वस्त हुने आधार भएन ।	
	सामाजिक सुरक्षा तर्फ :	
६८.	**सफ्टवेयर प्रणाली :** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि वडावाट माग भएवमोजिम निकासा दिने र वितरण भरपाईका आधारमा फर्छ्यौट गर्ने वैकिंङ प्रणाली अवलम्वन नगरेका कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहारिएर आउने लगायत समस्या देखिएको हुन सक्छ । केन्द्रिकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने र दर्ता तथा नविकरणको काम पुरा गरेर मात्रै भत्ता वितरण कार्य गर्नुपर्नेदेखिन्छ ।	
६९.	सामाजिक सुरक्षा भत्ता वितरणको समग्र प्रणालिलाई सरलिकरण गर्न, पारदर्शिता कायम गर्न, स्थानीय तहको भुमिका स्पष्ट गर्न सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ लागु गरीएको छ । यसमा उल्लेख भएका निम्नानुसारका व्यवस्थाहरुको पालना भएको देखिएन ।	
७०.	**लाभग्राही अभिलेखः** दफा ७ (१) अनुसार नाम नवीकरण गर्नु पर्ने र कार्यालयले नवीकरण गरीएका लाभग्राहीहरुको सूची अनुसूची १० अनुरुपको ढाँचामा राख्नुपर्ने र दफा १० मा भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको अनुसूची ५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले यस वर्ष लाभग्राहीको अभिलेख नराखि सामाजिक सुरक्षा भत्ता बापत रु.५४३४३६०० वितरण गरेको छ । लाभग्राहीको अभिलेख नराखेको कारणले वितरित सामाजिक सुरक्षा भत्ता यथार्थपरक रहे नरहेको एकिन हुन सकेन ।	
७१.	**लगत कट्टा गर्ने :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनुसार लाभग्राहिको मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालवालीकाको हकमा पाँच वर्ष (साठी महिना) उमेर पुरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नवुझ्मेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म आता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पस्ट जनाई सम्वन्धित स्थानिय तहको वडाका सचिव वा निजले तोकेको जिम्मेवार पदाधिकारीहरुले प्रमाणित गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि अनुसार लाभग्राहिको लागत कट्टा गरेको पाइएन ।	
७२.	**वैंक मार्फत भत्ता वितरण :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २२ मा मन्त्रालयको स्विकृति बिना हातहातै नगद वितरण गर्न पाइनेछैन भन्ने व्यवस्था भएकोमा यस गाउँपालीकाले यस आ.व मा सामाजिक सुरक्षा भक्ता वितरण मन्त्रालयको स्विकृत विना लाभग्राहिलाई हातहातै नगद वितरण गरेको नियमसंवत देखिएन ।	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
७३.	**परदर्शिता र जवाफदेहिता :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३३ अनुसार स्थानिय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानिय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धि सुचना स्थानिय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानिय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरि यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन ।	
७४.	**अनुगमन तथा सुपरिवेक्षणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्यक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङन गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन नभएको पाइएकाले निदेर्शिका अनुसारको समिति गठन गरि यस गाँउपालीकमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा निर्देशिका विपरित भएका क्रियाकलापलाई नियन्त्रणगरि सामाजिक सुरक्षा भत्ता वितरण कार्य व्यवस्थित गर्नुपर्ने देखिन्छ ।	
७५.	**कर्मचारीलाई पेश्की उपलब्ध गराइ भत्ता विवरण :** दफा १६ मा स्थानीय तहले सम्वन्धित वडा कार्यालय मार्फत प्रथम चौमासिक असोजको १ गतेबाट दोश्रो हप्ता भित्र,दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेस्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र वितरण गरिसक्नुपर्ने व्यवस्था छ । कार्यालयले वडा सचिवलाई पेश्कि प्रदान गर्दा पहिलो चौमासिक असोज तेस्रो हप्ता दोस्रो चौमासिक वैसाख र तेस्रो चौमासिक असार दोस्रो हप्ता निकासा दिएको देखियो । यसरी वितरणको भरपाइका आधारमा पेश्की फछ्र्यौट गरेको विवरण निम्नानुसारको रहेको छ ।	

वडा न	प्रथम चौमासिक			दोश्रो चौमासिक			तेश्रो चौमासिक		
	पेश्की	वितरण	फिर्ता	पेश्की	वितरण	फिर्ता	पेश्की	वितरण	फिर्ता
१	२२९००००	२२६३६००	२६४००	२२९२०००	२२५६०००	३६०००	२२७१२००	२२७१२००	०
२	२६७९६००	२५३८०००	१४१६००	२६०८०००	२४७६०००	१३२०००	२६३५२००	२६३५२००	०
३	३६८९२००	३५४५२००	१४४०००	३७६०८००	३५२८८००	२३२०००	४१००८००	३८७६८००	२२४०००
४	३५७५०००	३२०५६००	३६९४००	४०३६६००	३२९८४००	७३८२००	४३१४०००	३३८००००	९३४०००
५	३०७४४००	३०३४४००	४००००	३१२०८००	३०२८०००	९२८००	३०९८८००	२९१७६००	१८१२००
६	३४७६०००	३३८००००	९६०००	३४९९२००	३३७१२००	१२८०००	३४४५६००	३३३७६००	१०८०००
जम्मा	**१८७८४२००**	**१७९६६८००**	**८१७४००**	**१९३१७४००**	**१७९५८४००**	**१३५९०००**	**१९८६५६००**	**१८४१८४००**	**१४४७२००**

७५.१.	प्रथम चौमासिकमा वितरित रकमको आधारमा दोश्रो चौमासिकमा र दोश्रो चौमासिकमा वितरित रकमको आधारमा तेश्रो चौमासिकमा पेश्की दिनु पर्नेमा वितरित रकम भन्दा वढी पेश्की दिइ रु.३६,२३,६०० फिर्ता गरेको देखियो । लाभग्राहीको अद्यावधिक विवरण नरहेको अवस्थामा समेत वितरित भन्दा वढी पेश्की दिने र ढिला गरि दाखिला गर्ने गरेको देखिन्छ । आवश्यक भन्दा वढी व्यवस्थित अभिलेख वेगर पेश्की लिने, दिने र समयमै पेस्कि फछ्र्यौट नगर्ने जिम्मेवार बनाइ यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।	
७६.	६६४-२०७६।०३।२४ यस गाँउपालीका वडा न. ५ का वडा सचिव श्री डाक बहादुर घर्तिको नाममा निकासा दिइएको पेश्की रु.३१२०८०० मध्य रु.३०२८००० सामाजिक सुरक्षा भत्ता वितरणको भरपाइ र रु.७७६०० वैक दाखिला भौचर पेस गरि पेश्कि फछ्र्यौट गर्नुभएकोमा बाँकि रकम निजबाट फिर्ता दाखिला गर्नुपर्ने रु.	१५२००
७७.	**सवारी साधन खरिदः** अर्थ मन्त्रालयको स्वीकृत लिएर मात्र सवारी साधन खरिद गर्नु पर्ने व्यवस्था छ । गाऊपालिकाले यस वर्ष मोटरसाइकल ६ वटाको रु.१४८९४००, स्कुटर रु.१९८९०० र शान्ति निकेतन मा.वि.कुटि डाँडालाई बस खरिद वापत रु.९७०००० समेत जम्मा रु.२६५८३०० सवारी साधन खरिद भएकोमा अर्थ मन्त्रालयको स्वीकृत लिई आवश्यक गाडी खरिद गर्नुपर्नेमा सो नगरेको रु.	२६५८३००.
७८.	**चाड पर्व खर्च :-** प्रदेश नं. १ को गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ को अनुसुचि १ (ख) नगर पालिकाको प्रमुख, उपप्रमुख,वडाध्यक्ष, कार्यपालिकाको सदस्य तथा वडा सदस्यको सुविधा उल्लेख छ । सो अनुसार चाड पर्व खर्च वापत ३३ जना पदाधिकारीहरुलाई गाउँपालिकाको आफ्नो आन्तरिक आम्दानीबाट खर्च लेख्नु पर्नेमा नेपाल सरकारको स्रोतबाट रु.१०००० का दरले खर्च लेखेको रु.	३३००००
७९.	**पदाधिकारी पोशाक :** गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा अध्यक्ष, उपाध्यक्ष तथा अन्य सदस्यहरुले अनुसुचीमा उल्लेख भए बमोजिमको सुविधालाई अधिकतम कायम गरी निर्धारण गरे बमोजिम सुविधा पाउने व्यवस्था रहेको देखिन्छ । कार्यालयले उल्लेखित व्यवस्था बाहेक निम्ननुसार भुक्तानी गरेकोले नपाउने सुविधा सम्बन्धितबाट असुल गरी राजस्व दाखिला हुनुपर्ने रु.	२९३४०१

पोशाक भत्ता वापत	१४०४८१
छैठौं गाऊ सभामा आतेजाते खर्च	२८०००
छैठौं गाऊ सभाको खाना खाजा खर्च	१२५०००

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	जम्मा २९३४८१	
८०.	**सोभै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ ख) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी पाँच लाखभन्दा बढीको एउटै व्यक्ति, फर्म कम्पनी वा संस्थानबाट सोभै खरिद गर्न सकिने छैन भनी उल्लेख छ । फर्निचर तथा फिक्चर्स रु.१७७०२८७ र मसलन्द तथा कार्यालय सामाग्री रु.१८०९८४०. गरी जम्मा रु.३५८०१२७. विभिन्न सप्लायर्सबाट सोभै खरीद गरेकोले नियमित नदेखिएको रु.	३५८०१२७.
८१.	**अनुगमन खर्च:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय निकायमा संचालित योजना अनुगमन गर्न उपाध्यक्षको अध्यक्षतामा समिति गठन गर्ने व्यवस्था छ । गाउँपालिकाले यस बर्ष अनुगमन तथा मूल्यांकनमा रु.१७५२४० खर्च गरेको छ। पदाधिकारीलाई मासिक अनुगमन भत्ता दिने व्यवस्था भएकोले अनुगमनको प्रतिवेदन लिई कैफियत सुधार गरी अनुगमन खर्च मितव्ययी तथा प्रतिफलमुखी बनाउनु पर्दछ । अनुगमन वापत बजेट भुक्तानी भएको भए पनि अनुगमन प्रतिवेदन पेश गरेको नपाईएको रु..	१७५२४०
८२.	**भाडा कर:** आय कर ऐन, २०५८ को दफा ८८ बमोजिम मु.अ.करमा दर्ता नभएका भाडमा १० प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने उल्लेख छ । निम्न अनुसार भौ.नं. र मितिबाट म.अ.करमा दर्ता नभएका गाडी भाडाा १० प्रतिशतका दरले कर कट्टा गरी असुल हुनुपर्ने रु.	३३७७५

भौ.नं.र मिति	बजेट शिर्षक	कार्यक्रम	भाडा भुक्तानी	कर
४७-१०/१४	सशर्त अनुदान	औषधी भ्याक्सिन ढुवानी	१९०००	१९००
१४९-३/३१	"	"	९०००	९००
६५९-३/३१	"	"	२४००००	२४०००
३५०-३/३०	गा.पा.पुँजिगत	विद्युत सामाग्री ढुवानी	५०७४९	५०७५
१३२-१२/२७	"	आहाले डाँडामा सिचाई पोखरी निर्माण	१९०००	१९००
	जम्मा			**३३७७५**

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
८३.	**तालिम खर्च:** ५७९-२०७६।३।३१ अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका र प्रदेश सरकारको निर्देशिका बमोजिम सो ऐन आधारमा नबढ्ने गरी नर्म्स तयार गर्नु पर्दछ । कार्यालयले यस वर्ष २२ वटा तालिम सञ्चालन गरेकोमा नमुना छनौटको आधारमा परीक्षण गरी हेर्दा सहायक महिला विकास निरीक्षक रेणुका राईको न्यायिक समिति सदस्य र मेलमिलाप कर्ताहरुको एडभान्स तालिम पेश्की फछ्र्यौट र फाँटवारी अनुसार गाऊपालिकाको नर्म्स अनुसार प्रशिक्षक/सहभागी आवास खर्च रु.३५१०० प्रशिक्षकलाई यातायात खर्च रु.५००० र प्रशिक्षक आवास वापत रु.४००० समेत रु.४४१०० प्रदेश सरकारको नर्म्सभन्दा बढी भुक्तानी भएको नियम सम्वत नदेखिएको रु.	४४१००
८४.	**गैर-सरकारी संस्थाबाट कार्य:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना तालिम, अभिमुखिकरण, सवलिकरण, मुल प्राविधिकरण जस्ता कार्य गरी सरकारी संस्थाबाट काम गराउँदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्ने सक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९(१) मा त्यस्तो कामको आवश्यक, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति कार्य सञ्चालन विधि सहितको कर्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने तथा ९९(२) मा उक्त कार्य गराउनको लागि त्यस्तो काम गर्ने उद्धेश्य राखी प्रचलित कानुन बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सुचिमा समावेश भए गैरसरकारीलाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीय स्तरको दैनिक समाचार पत्रमा सुचना प्रकाशित गरी सो प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव सिफारिसको आधारमा सार्वजनिक निकायले प्रस्ताव स्वीकृत गरी सम्झौता गरेर कार्य आदेश दिनुपर्ने उल्लेख छ। तर कार्यालयले उपयुक्त नियमको व्यवस्था पालना नगरी निम्न अनुसारको संस्थाबाट काम गरेको देखिएकोले उक्त खर्चलाई नियमित भन्न नसकिएको रु.	३९४८३३०

भौ.नं.र मिति	संस्थाको नाम	कार्य	रकम
४४७-३/१७	नेपाल जनजाती माहासंघ	जनजाती आयमुलक कार्यक्रम	५००००
५०९-३/२४	चिया उत्पादन सहकारी संस्था	जैविक विषादी न्युनिकरण तालिम	५००००
५३३-३/२५	नविकरण अपाङ्ग संघ	अपाङ्ग कार्यक्रम	१०००००
५४०-३/२५	सुनगाभा विकास संस्था	खुला दिशामुक्त कार्यक्रम	१२५००००
५५३-३/२७	रोङ मौरी विकास केन्द्र	मौरीपालन तालिम र अनुदान	२००००००
२३६-२/२७	पिरामिड टेक्निकल इन्स्टिच्युट प्रा.वि.	लेप्चा जातिलाई बेमौसमी तरकारी तालिम	४९८३३०
		जम्मा	**३९४८३३०**

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
८५.	**बैठक खर्च:** १८३-२०७५।१०।१६ गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ मा गाऊ तथा नगरस्तरीय पदाधिकारीको सुविधा सम्बन्धि उल्लेख गरेको छ । सो बमोजिम पदाधिकारीको सुविधा भुक्तानी गर्न	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	विनियोजित बजेटबाट व्यवस्थित बसोबास व्यवस्थापन समितिको सुविधा अध्यक्षको पारिश्रमिक रु.२५००० बैठक भत्ता रु.१५००० समेत रु.४५००० खर्च लेखेकोमा उक्त नियमानुसार नपाउने भत्ता भुक्तानी भएकोमा असुल हुनुपर्ने रु.	४२५५०
८६.	**अनुत्पादक शिर्षकमा बढी खर्च :** सार्वजनिक खर्च मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को नियमा २९(२) मा स्वीकुत कार्यक्रम अनुसार नियामित वा बजेट विनियोजन भएका कार्यक्रम बाहेकका सभा सम्मेलन, गोष्ठि, कार्यशाला, समारोह, जात्रा, पर्वका लागि माग गर्ने तथा स्वीकृत गर्नु हुँदैन भन्ने उल्लेख छ । यस वर्ष गाउँपालिकाले रु.३२१००७४१२.६० खर्च गरेको मध्ये चालु खर्चमा रु.२१०१७६४३३.४१ अर्थात जम्मा खर्चको ६५.४७ प्रतिशत गरेको छ भने पुँजिगततर्फ ३४.५३ प्रतिशत मात्र खर्च भएबाट भौतिक विकास निर्माण कार्यमा गाउँपालिकाको ध्यान नपुगेको अवस्था देखिन्छ । चालु प्रकृतिको खर्चमध्ये निम्न खर्च शिर्षकमा रु.१०५१२९१० खर्च भएको देखिएकोले यस्ता अनुत्पादक कार्यमा गरिने खर्च नियन्त्रण हुनुपर्दछ ।	

शिर्षक/कार्यक्रम	खर्च रकम
सवारी साधन मर्मत, मेशीनरी	७०४३०५
निर्मित सार्वजनिक सम्पति मर्मत सुधार	२९१०००
करार सेवा शुल्क	१७६२८२६
भैपरी आउने चालु खर्च	५६७५१९
इन्धन कार्यालय प्रयोजन	४२९२८८
सभा सञ्चालन खर्च	१५००००
सेवा र परामर्श खर्च	२०९९३६५
कन्टिनजेन्सी खर्च	९८७०९२
विविध खर्च	१८३३८१५
भ्रमण खर्च	१६८७७००
जम्मा	**१०५१२९१०**

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
८७.	**भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ अनुसार, गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ बमोजिम भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य,कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्नेछ र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन समेत पेश गर्नु पर्ने व्यवस्था छ । यस गाउँपालिका पदाधिकारीहरु भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल उल्लेख भएको तथा फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन पेश भएको छैन । ऐनको व्यवस्था अनुसार भ्रमण आदेशको स्वीकृति गर्ने तथा भ्रमण प्रतिवेदन पेश गर्नु पर्दछ ।	
८८.	**पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ अनुसार कुनै सरकारी कार्यालयले मालसामान खरीद गर्न, सेवा उपलब्ध गर्न कुनै व्यक्ति फर्म कम्पनी वा संस्थालाई पेश्की दिन सक्ने व्यवस्था छ । तर सो रकम उक्त आर्थिक वर्षसम्मा फछ्र्यौट गरी सक्नुपर्ने व्यवस्था रहेकोमा निम्नानुसारको पेश्की हालसम्म फछ्र्यौट नभएको रु.	६३०४७५

पेश्की मिति	व्यक्तिको नाम	कार्यक्रम पेश्की	रकम
२०७६/५/२३	डाँक बहादुर घतानी	सामाजिक सुरक्षा पेश्की	१५२००
२०७५/९/२६	दयाराम चौधरी	कार्यालय व्यवस्थापन	२००००
२०७५/९/२६	संगिता गोले	उत्प्रेरण कार्यक्रम	८२७५
२०७६/१/१३	माई भगवती कन्स्ट्रक्सन	२ नं.वडा कार्यालय भवन निर्माण	५८७०००
	जम्मा		**६३०४७५**

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
८९.	**आन्तरिक आयको अभिलेख :** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ● गांउपालिका र अन्तर्गतका प्रत्येक वडा कार्यालयलाई दिएको नगदी रसिद, प्रयोग भएका र बाँकी रहेको रसिदको अद्यावधिक विवरण नराखेको । ● प्रत्येक वडा कार्यालयले संकलन र दाखिला गरेको आन्तरिक आयको हिसाब लिई भिडान नगरेको । ● वडा कार्यालयले दाखिला गरेको आधारमा मात्र संचित कोषमा आम्दानी बाध्ने गरेको । वडा कार्यालयहरुको दैनिक आय-शिर्षकगत कर संकलन खाता र एकिकृत सम्पत्ति कर संकलनको सांग्रिला सफ्टवेयरमा अभिलेख व्यवस्था गरीएता पनि मासिक तथा वार्षिक जोड जम्मा गरी कुल वार्षिक असुली देखाई पेश गरेको देखिएन । जसबाट गाउँपालिका र अन्तर्गतका वडा कार्यालयले यस वर्ष संकलन र दाखिला गरेको आन्तरिक आय रु.८१२१९६२.६८ लाई यथार्थ मान्न सकिएन ।	

दफा नं	भौचर, मिति र व्यहोरा	बेरुजू रकम
९०.	आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ मा कार्यालयमा नगद वा वैक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजश्व रकम अनिवार्य रुपमा आम्दानी रसिद काटि सम्वन्धित खातामा आम्दानी जनाउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष आन्तरिक आय तर्फ रु ८१,२१,९६३ आम्दानी जनाएकोमा सो को दैनिक आम्दानी रजिर्ष्टरमा अभिलेख गरि मासिक तथाम वार्षिक जोड जम्मा गरि अभिलेख गरिएको देखिएन् । नगदि र वैक भौचर अनुसारको आम्दानी जनाई आम्दानी नगदि वैक जम्मा भएको आधारमा आम्दानी जनाएको देखियो । कार्यालयवाट आर्थिक वर्ष भरि कति नगदि रसिद जारी गरियो र कति रसिदको आम्दानी प्राप्त भई कति रसिदको आम्दानी गर्न वाकि छ सो देखिने विवरण लेखापरिक्षण्को लागि पेस भएन । रसिद नम्वर र वैक भौचरलाई दैनिक आम्दानी रजिर्ष्टरमा पोष्टिङ नगरि वैकमा आम्दानी भएको र राजश्व असुल गर्ने व्यक्तिको जम्मा गर्न ल्याएको आधारमा आम्दानी भयो भनि एकिन गर्न सक्ने अवस्था रहेन ।	
९१.	**चेक साट्न बाँकी:** असार मसान्तपछि बाँकी रहेको चेक साट्न बाँकीको विवरण पेश नभएकोले यथार्थ बैंक मौज्दात विवरण एकिन हुन सकिएन ।	
९२.	**आन्तरिक लेखापरीक्षण :** अन्तरिक लेखापरीक्षणबाट कायम भएका निम्न बेरुजु अन्तिम लेखा परीक्षण अवधि सम्म पनि फछ्र्यौट भएको नदेखिएकोले फछ्र्यौट हुनु पर्ने देखिएको ।	

सि.नं.	मिति	गो.भौ नं.	बेरुजुको व्यहोरा	रकम
गाउपालिका चालु खर्च खाता तर्फ				
१	२०७५/१२/२८	३२१	कार्यालयमा कार्यरत तपशिलका कर्मचारिको तलब भुक्तनी दिदा ग्रेड रकम बढी भुक्तानी भएको हुदा निजहरु बाट असुलउपर गरी दाखीला गर्नुपर्ने । १. खरीदार डाँक बहादुर घतानी (चाडपर्व समेत ९ महीनाको रु ७३९.०० का दरले रु ६६५१.०० र १० प्रतिशत कर्मचारी संचय कोष रु ४४३.४०) जम्मा रु ७०९४.४०	७०९४.४०
२	२०७६/०३/१५	४८१	कार्यालयमा कार्यरत तपशिलका कर्मचारीको आ.व. २०७५/०७६ को तलबी प्रतिबेदन पारीत नगरी भुक्तानी गरेको पाइयो । १. डीक प्रसाद दाहाल प्र.प्र.अ. तलब रु - ३०५००.०० - ग्रेड रु ४०६८.०० २. सचिदानन्द देव इ. तलब रु -३०५००.००- ग्रेड रु ५७२५.०० ३. विजय कुमार राई स.ई. तलब रु २३५००.००- ग्रेड रु ३९१५.०० ४. गुमान सिंह सुब्बा अ.स.ई. तलब रु २२१७०.००- ग्रेड रु १४७८.०० ५. कमल बहादुर पुलामी अ.स.ई. तलब रु २२१७०.००- ग्रेड रु ०	
ससर्त अनुदान चालु खर्च				
३	२०७५/०९/०९	२९	नवजात शिशुलाई न्यानो झोला प्रति थान रु ७९६.०० का दरले ५५५ थानको जम्मा रकम रु ४४१७८०.०० खरीद गरेकोमा सो न्यानो झोला बितरण गरेको भरपाई आन्तरीक लेखापरीणका क्रममा पेश नभएको ।	
४	२०७५/१०/१४	४७	हे.अ. नरेन्द्र कुमार देवले ढुवानी बापत लिएको रकम रु १९०००.०० को वहाल कर कट्टी रु १९००.०० नगरेको हुँदा सो रकम निज बाट असुल उपर गरी दाखीला गर्नुपर्ने ।	१९००.००
५	२०७५/१२/१४	६१	कार्यालयमा कार्यरत तपशिलका कर्मचारिको तलब भुक्तनी दिदा ग्रेड रकम बढी भुक्तानी भएको हुदा निजहरु बाट असुलउपर गरी दाखीला गर्नुपर्ने । १. अ.न.मि. ज्योति बराल (चाडपर्व समेत ७ महीनाको प्रति महीना ३ ग्रेड रु ७३९.०० का दरले जम्मा ग्रेड संख्या २१ को जम्मा रु १५५१९.०० र १० प्रतिशत कर्मचारी संचय कोष रु १३३०.२०) जम्मा रु १६८४९.२०	१६८४९.२०
६	२०७६/०१/१२	६७	कार्यालयमा कार्यरत तपशिलका कर्मचारिको तलब भुक्तनी दिदा ग्रेड रकम बढी भुक्तानी भएको हुदा निजहरु बाट असुलउपर गरी दाखीला गर्नुपर्ने । १. अ.हे.व. रन्जित गुप्ता (चाडपर्व, चैत र बैसाख महीनाको रु ७३९.०० का दरले ३ महीनाको रु २२१७.०० र १० प्रतिशत कर्मचारी संचय कोष रु ७३९) जम्मा रु २९५६	२९५६.००
७	२०७५/०५/२७	५	कार्यालयले निशुल्क स्वास्थ्य सेवाको लागी जम्मा रकम रु ४९५२३१.०० औषधी खरीद गरीएकोमा सो को वितरणको भरपाई आन्तरीक लेखापरीणका क्रममा पेश हुन नसकेको ।	
८	२०७५/१०/०६	४५	कार्यालयले निशुल्क स्वास्थ्य सेवाको लागी जम्मा रकम रु २६६१२६.०० औषधी खरीद गरीएकोमा सो को वितरणको भरपाई आन्तरीक लेखापरीणका क्रममा पेश हुन नसकेको ।	

दफा नं				भौचर, मिति र व्यहोरा	बेरुजू रकम
	९	२०७६/०३/३१	१४९	हे.अ. नरेन्द्र कुमार देवले कार्यक्रम संचालन गरी पेश्की फर्छ्यौट गर्दा तपशिल बमोजिमको कर रकम दाखीला गरेको नपाइएको हुदा असुलउपर गर्नुपर्ने । १. मनकामना मेडिको विराटनगर अग्रीम कर रु ९०३.०३ २. गाडी धनी रबिन राइ वहाल कर रु ९००.०० जम्मा रु १८०३.०३	१८०३.०३
	१०	२०७६/०३/३१	६५९	हे.अ. नरेन्द्र कुमार देवले कार्यक्रम संचालन गरी पेश्की फर्छ्यौट गर्दा तपशिल बमोजिमको कर रकम दाखीला गरेको नपाइएको हुदा असुलउपर गर्नुपर्ने । १. गाडी नं. ना.७.ख. ७१८३ र ना.७.ख. ८१८४ का गाडी धनी टिका प्रसाइ रु २४००००.०० भुक्तानी गरेकोमा वहाल कर दाखीला नगरेको रु २४०००.००	२४०००.००
	गा.पा. पुजीगत खर्च				
	११	२०७६/०३/३०	३५०	बिधुत विस्तार उपभोक्ता समिति वडा नं ५ ले विधुतका सामाग्री मे.१.ख. १९६५ बाट ढुवानी वापत गाडी धनी पर्शुराम मगरलाई रु ५०७४९.०० भुक्ती भएकोमा सो को वहाल कर रु ५०७४.९० असुलउपर गरी दाखीला गर्नुपर्ने ।	५०७४.९०
	१२		१३२	आहाले डाँडाँ जलाशय सिँचाइ पोखरी निर्माण उ.स. ले पोखरीबाट माटो निकाल्ने कार्यको लागी ट्याक्टर प्रयोग बापत रु १९०००.०० भुक्तानी दिएकोमा सो को वहाल कर कट्टी १९००.०० दाखीला नगरेको हुँदा असुल गर्नुपर्ने ।	१९००.००
	१३	२०७६/०२/०८	२०९	देवीगंज आधाभुत विधालयको घेराबारा कार्यक्रम संचालन गर्न गिटी ढुङ्गा ढुवानी गरेबापत रु ३००००.०० भुक्तानी दिएकोमा बहालकर कट्टी नभएको रकम रु ३०००.०० असुलउपर गर्नुपर्ने ।	३०००.००
	१४	२०७६/०२/२१	२२१	मोतिराम मा.वि. लाई प्रविधि मैत्री विधालय स्थापना कार्यको लागी मेशीनरी औजार खरीद कार्यमा क्वालिटी कम्प्यूटर बिर्तामोडबाट रु ३५०९००.०० को सामान खरीदमा दरभाउपत्र माग नगरी खरिद गरेको पाइयो साथै सोही मा.वि ले बिधालयकोलागी आवश्यक इलेक्ट्रोनिक्स सामान खरीदमा समेत दरभाउपत्र दुइवटा फर्मको मात्र माग गरी खरीद गरेको पाइयो र उल्लेखीत दरभाउपत्रमा बालाजी इलेक्ट्रोनिक्स र बराल टेड्रर्सको रकम समेत एउटै दर पेश गरेको पाइयो ।	

९३. **बेरुजू सम्परीक्षण** : आर्थिक कार्याविधि नियमावली २०६४ को नियम ९९ मा व्यवस्था भए बमोजिम लेखापरीक्षणबाट औल्याइएका बेरुजूहरुका सम्बन्धमा तोकिएको म्याद भित्र बेरुजु फछ्र्योट गरी सम्परीक्षणका लागि लेखापरीक्षण गर्ने संस्थामा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सम्परीक्षणका लागि पेश गरेको छैन ।

९४. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ। सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन। गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

गत वर्षको बेरुजू रकम रु.	यो वर्ष फछ्र्यौट	बाँकी बेरुजू रु.हजारमा
४६५४	**२५००**	**२१५४**

९५. **अद्यावधिक बेरुजू स्थिति :** रोङ्ग गाँउपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

गत वर्ष सम्मको फछ्र्यौट गर्न बाँकी रु.	यो वर्षको सं प.बाट कायम बेरुजू	यो वर्षको कायम बेरुजू	बाँकी बेरुजू रु.हजारमा
२१५४	**०.००**	**४४१२८**	**४६२८२**

अनुसूची -१

रोङ्ग गाँउपालिको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७५।७६

(रु.हजारमा)

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			वाँकी बेरुजू								
			दफा स)ख्या		रकम	दफा स)ख्या		रकम	दफा स)ख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभनां नलिएको	जम्मा	कमंचारी	अन्य	जम्मा
१.	इलाम	रोङ गाँउपालिका	७२	४७	७३१२७	०	११	२८९९९	७२	३६	४४१२८	१११३	२१५९४	२०७९०	०	०	४२३८४	६३०	०	६३०

अनुसूची - २

रोङ्ग गाँउपालिकाको सञ्चित कोष विवरण
२०७५।७६

(रु.हजारमा)

क्र.सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	रोङ गाँउपालिका	इलाम	३८९७४	७६५००	२२०१८६	८४११४	४१९७७४	२१०१७६	११०८३१	११७५८	३३२७६५	८७००९

अनुसूची- ३

रोङ्ग गाँउपालिकाका अद्यावधिक बेरुजू स्थिति
आर्थिक वर्ष २०७५।७६

(रु हजारमा)

सि.नं.	स्थानीय तह	जिल्ला	गत वर्षको बाँकी	यो वर्षको फछ्र्यौट	बाँकी	यो वर्ष सं.प.बाट कायम भएको बैरुजू	यो वर्षको बेरुजू	कुल बाँकी बेरुजू
१	रोङ गाँउपालिका	इलाम	४६५४	२५००	२१५४	०	४४१२८	४६२८२